स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ को दफा ११ ज र दफा १०२ ले दिएको अधिकार बमोजिम जारी गरिएको

# खजुरा गाउँपालिकाको आवधिक शिक्षा योजना

## २०७७।०७८-२०८१।०८२

गाउँकार्यपालिकाबाट पारित मितिः२०७७।०४।०३

प्रमाणिकरण मितिः

प्रमाणिकरण गर्नेको दस्तखतः

अध्यक्ष श्री किस्मत कुमार कक्षपति

खजुरा गाउँपालिका, वागेश्वरी, बांके प्रदेश नं.५ नेपाल

## दुइ शब्द

गाउँपालिकाको शिक्षा तर्फको पञ्चवर्षिय गाउँ शिक्षा योजना निर्माण हुन लागेकोमा अत्यन्त खुशी लागेको छ । Buttom up planning Approach बाट सरोकावालाहरुको सहभागितामा गाउँ शिक्षा योजना निर्माण गरी स्रोत साधनको बहुउपयोग गरी बालबालिकामैत्री गुणस्तरीय शिक्षा प्रदान गर्न निकै उपयोगि हुने र आगामी दिनहरुमा यो आवधिक योजनालाई मार्ग दर्शनकोरुपमा लिई सीमित स्रोत साधनको न्यायोचित वाँडफाँड गरी अधिकतम उपलब्धी हासिल गर्न कोसेढुंगा सावित हुनेछ भन्ने विश्वास लिएको छु । खजुरा गाउँपालिकामा सबै विद्यालयहरुलाई centre for Excellence निर्माण गरी Education Hub को रुपमा पहिचान स्थापना गर्न सक्षम हुनेछ भन्ने लक्ष्य उद्देश्य निर्धारण गरिएको छ । संघिय संरचनामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को ज वमोजिम आधारभूत तह र माध्यमिक तहको शिक्षा ब्यवस्थापन गर्ने स्थानीय तहलाई जिम्मा भएकोले शैक्षिक प्रशासन ब्यवस्थापन र शैक्षिक योजनालाई ब्यवस्थित गर्नका लागि आवधिक योजनाको अपरिहार्यता महशुस गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गर्न गराउन यो सुक्ष्म योजनाको रुपमा विकास गरी मिति २०७७।०४।०३ गते गाउँ कार्यपालिकाबाट पारित गरी कार्यान्वयमा लैजानको लागि स्वीकृति प्रदान गरिएको छ । स्थानीय सरकार गाउँपालिकामा क्रियाशील गैरसरकारी संघ संस्था सार्वजनिक र नीजि विद्यालयहरुले समेत यसै योजनाका लक्ष्य उद्देश्य र कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयनमा अपेक्षित सहकार्य र सहयोग गर्नु हुनेछ भन्ने पूर्ण विश्वास राख्दछु । आवधिक शिक्षा योजना निर्माण गर्न मस्यौदा समितिका संयोजक श्री खगेन्द्रबहादुर मल्लसमेतको मस्योदा समितिलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

धन्यवाद

किस्मत कुमार कक्षपति

अध्यक्ष

खजुरा गाउँपालिका

खजुरा गाउँपालिका स्तरिय शिक्षा योजना

२०७७-२०८१

पृष्ठभूमि:

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको हुनाले नागरिकको सबैभन्दा नजिकको सरकारका हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु सबै पालिकाहरुको कर्तव्य हुन आएको छ । जननिर्वाचित स्थानीय सरकारबाट नागरिकहरुले आफ्ना बालबालिकाहरुका लागि गुणस्तरीय विद्यालय शिक्षा र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरुको अपेक्षा राख्नु स्वाभाविक पनि हो । शिक्षाले रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गरी मानिसको जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माणमा पनि महत्वपुर्ण भूमिका खेल्ने भएको हुनाले शिक्षालाई गुणस्तरीय बनाउन यसमा प्राथमिकता साथ लगानि गर्नुपर्छ भन्ने माग पनि बढ्दै गएको छ । शिक्षामा गरिने राष्ट्रिय लगानीको बृद्धिले देशको समग्र विकासलाई नै गतिवान बनाएको पाइन्छ । युनेस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report 2013/14 ले सबैका लागि शिक्षाको लक्ष्य हासिल गर्ने हो भने सन् २०१५ पछि सबै राष्ट्रहरुले कुल राष्ट्रिय उत्पादनको ६ प्रतिसत र वार्षिक बजेटको २० प्रतिसत शिक्षामा खर्च गर्नुपर्ने सुझाव दिएको छ । सोहि प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिसत बराबरको लगानि सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा वार्षिक १ प्रतिसतले बृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । यिनै कुराहरुलाई मध्यनजर गर्दै खजुरा गाउँपालिकाले पालिकाक्षेत्र भित्र योजनाबद्ध रुपमा शिक्षाको विकास गर्ने उद्देश्यले यो गाउँ शिक्षा योजना निर्माण गरेको छ । यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा देखि माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरेर सबै बालबालिकाको पहुँच भित्र गुणस्तरीय शिक्षा पुऱ्याउने र शिक्षालाई रोजगारीमुलक, व्यवसायी र प्रविधियुक्त बनाएर जनजीविकासँग प्रत्यक्ष सम्बन्धित बनाउने कार्यक्रमहरु समावेश गरिएका छन् । शिक्षा एक निरन्तर चलिरहने प्रकृया भएकोले औपचारिक शिक्षाको अवसरबाट बन्चित सबैलाई जीवनपर्यन्त सिक्ने वातावरणको निर्माणका लागि पनि यस योजनामा कार्यक्रमहरु समावेस गरिएका छन् । यसका साथै पालिका क्षेत्र भित्र उच्च शिक्षाको अवस्था, आवश्यकता र संभावनाका विषयमा पनि यस योजनामा विषय उठान गरिएको छ । यसमा प्रस्ताव गरिएका सबै कार्यक्रमहरु यस पालिका क्षेत्र भित्रका सबै नागरिकहरुको सरोकारका विषयवस्तु भएकाले सबै नागरिकको प्रत्यक्ष तथा परोक्ष संलग्नता, सहभागिता र सहयोगमा कार्यक्रम संचालन गर्ने गरी योजना निर्माण गरिएको छ । यस योजनाले खजुरा गाउँपालिकाद्वारा निर्माण गरिएको शिक्षा नीति २०७६ लाई योजना निर्माणको नीति निर्देशको रुपमा अंगिकार गरेर सोहि अनुसार कार्यक्रम र रणनीतिहरु तय गरिएको छ ।

योजना भनेको भविश्यमा गरिने कामहरुको अनुमान भएकोहुनाले योजना निर्माण गर्दा तथ्यहरुमा आधारित भएर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। यस्तो योजनालाई कार्यरुपमा परिणत गर्नको लागि सम्बन्धित जिम्मेवार निकायहरुको लगनशिलता महत्वपुर्ण हुन्छ । योजनामा प्रस्ताव

गरिएका रणनीतिहरु र कार्यकलापलाई यथा समयमा कार्यान्वयन गर्न सकिएको खण्डमा मात्रै अपेक्षा गरिएका उपलब्धिहरु हासिल गर्न सकिन्छ । हाल विभिन्न कोणबाट आलोचित भइरहेको सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाई यसप्रति अभिभावकहरुको आकर्षण बढाउनु आजको आवश्यकता रहेको छ । नेपालको संविधानले स्थानीय तहलाई प्रदत्त गरेको विद्यालय शिक्षाको यो जिम्मेवारी पुरा गर्ने काममा सबैको सहयोग भएमा विद्यालय शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र निशुल्क बनाउने लक्ष्य पुरा गर्न सकिने आशा गर्न सकिन्छ।

## १) पृष्ठभूमि

शिक्षा आज सर्वव्यापी , जीवनपर्यन्त र मानवीय अधिकारको रुपमा स्थापित भैसकेको छ । शिक्षाको विकास गुरुकूल प्रणालीबाट भएको पाइन्छ । विभिन्न कालखण्डका विद्धानहरुको अथक प्रयासबाट ज्ञान र सीप आर्जन गर्ने र सम्पूर्ण क्षेत्रलाई विशिष्ट, बैज्ञानिक र अनुसन्धानमूलक गराउने आधुनिक नवीन शिक्षाको रुपमा स्थापित भैसकेको छ । सामाजिक र राष्ट्रिय आवश्यकताहरु पूरा गर्नेगराउने एक मात्र शक्तिशाली र प्रभावशाली माध्यम शिक्षा बनेको छ । शिक्षाले नै आवश्यक सन्तुलित जनशक्तिहरु उत्पादन गरि राष्ट्र विकास,समृद्ध नेपाल र सुखी नेपालीको सपनालाई पूरा गर्न सक्दछ । देश संघिय संरचनामा गइसकेको अवस्थामा राष्ट्रिय , प्रादेसिक र स्थानीय शिक्षा नीति कस्तो हुनु पर्दछ भन्ने सवालमा शिक्षा विद् , सरकार र सरोकारवालाहरु वीच व्यापक बहस चलिरहेको छ । अर्को तर्फ भईरहेका शैक्षिक नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्दै नीतिगत सुधार सहित स्थानीय र राष्ट्रिय आवश्यकता पूरा गर्ने खालको गुणस्तरीय , व्यवसायिक र प्राविधिक शिक्षा कसरी प्रदान गर्न सकिन्छ ,भन्ने कुरामा मूख्य बहस केन्द्रित छ ।

खजुरा गाँउपालिकाको शैक्षिक विकासमा विभिन्न प्रयत्न भइरहेको सन्दर्भमा स्थानीय सरकार खजुरा गाउँपालिकाले आफ्नो शिक्षा नीति बनाउने सन्दर्भमा विभिन्न सरोकारवालाहरु सँग बहस छलफल र अन्तरक्रिया मार्फत आफ्ना गतिविधि अगाडि बढाइरहेको छ । गुणस्तरीय , प्राविधिक एवं व्यवसायिक शिक्षा खजुरा विकास र समबृद्धिको मेरुदण्ड भएकोले यसमा स्थानीय सरकारले विशेष चासो देखाई शिक्षासम्बन्धी कार्यपत्रलाई स्थान दिएकोले "खजुरा विकास र समबृद्धिको मुख्य आधार , प्राविधिक शिक्षा एवं शैक्षिक गुणस्तरमा दिगो सुधार " लाई विषयवस्तु बनाएर यो कार्यपत्र तयार गरिएको छ ।

### २.१ ) खजुराको ऐतिहासिक अवस्था

नेपालको इतिहासमा नयाँ मूलुकको रुपमा परिचित पश्चिम नेपालको तराईको प्रमुख जिल्ला बाँके हो । तत्कालिन मध्य पश्चिम र सुदुर पश्चिमको प्रमुख व्यापारिक केन्द्र नेपालगंज देखि पश्चिममा अवस्थित इजरायली मोडेलबाट वस्ती विकास कम्पनि , पुर्नवासद्धारा योजनाबद्ध रुपमा वि.सं.२०२३ साल देखि वस्ती बसाएको पाइन्छ । ऐतिहासिक रुपमा खजुराको मुख्य आकर्षण एयरपोर्ट रहेकोले यो गाउपालिका पुरानो एयरपोर्टले समेत परिचत छ । यो गाँउपालिकामा शैक्षिक क्षेत्रको विकासले समेत महत्वपूर्ण स्थान ओगटेको पाइन्छ । वि.स २०२३सालमा वस्ती विकास कम्पनिले समेत यहाको शिक्षा विकासको सम्भावना ख्यालमा राखि प्रा.वि र मा.वि हरुको लागि ५ विगाहा देखि १५ विगाहासम्म जग्गा छुट्याएको देखिन्छ । यस खजुरामा स्थापना भएको पहिलो विद्यालय सामुदायिक तर्फ २०१२ सालमा जनता मा.वि बठवा स्थापना भएको पाइन्छ र संस्थागत विद्यालयतर्फ पहिलो विद्यालयको रुपमा २०४५ सालमा दिपक इ. वोर्डिङ्ग स्कुल स्थापना भएको पाइन्छ । पहिलो उच्च मा.वि रुपमा सामुदायिक विद्यालय तर्फ ज्ञानोदय मा.वि वि.स २०५६ सालमा स्वीकृति प्राप्त गरेको र संस्थागत तर्फ जेनिथ मा.वि. वि.स २०६९ सालमा स्वीकृति पाएको पाइन्छ । उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले पहिलो कलेजको रुपमा ज्ञानोदय

बहुमुखी पब्लीक क्याम्पस वि.स २०६५ सालमा स्थापना भएको थियो भने निजि क्षेत्र तर्फ खजुरा क्याम्पस वि.स २०७० मा स्थापना भएको थियो । उढरापुर , रनियापुर र सोनपुर जस्ता पुराना वस्तीहरु यहाँ रहेका छन् । पुराना धरोहरमा एयरपोर्ट , कपासविकास कम्पनि लाई लिन सकिन्छ **२.२)भौगोलिक अवस्थाः**

यो गाउपालिका नयाँ मूलुक भनेर चिनिने बाँके जिल्लाको व्यापारिक र ऐतिहासिक नगरी नेपालगंज देखि करिब ८ किलोमिटर पश्चिममा अवस्थित छ । यस गाँउपालिकाको मध्य भागबाट बर्दियाको सदरमुकाम गुलरिया हुदै पश्चिम तर्फ जाने हुलाकी राजमार्गमा पर्दछ । भौगोलिक दृष्टिले कुनै पनि विकटता नरहेको यस भुभागमा नदि र जंगलको भने अभाव रहेको छ । नदिमा मान खोला र वनमा गिजरा सामुदायिक वन, र गुराँस सामुदायिक वन, गौघाटयस गाँउपालिकाका प्राकृतिक सम्पदाहरु हुन । यस गाउँपालिकाको भौतिक अवस्थालाई प्रस्तुत नक्साले यसका सिमान र क्षेत्रफल सहित अझधेरैपक्ष लाई स्पष्ट पार्दछ ,

**२.३)जनसाङख्यिक अवस्थाः**

वि.स २०६८ सालको जनगणना अनुसार बाँके जिल्लाको कुल जनसंख्या ४,९१,३१३ मध्ये खजुराको जनसंख्या ५०,९६१ रहेको छ । जुन जिल्लाको जनसंख्याको आधारमा यो जनसंख्या १०.३७% हो । २७,४३१ महिला र २३,५३० पुरुष रहेकोले पुरुषको भन्दा महिलाको संख्या बढि देखिन्छ । यस गाँउपालिका भित्र वडागत रुपमा सबैभन्दा कम जनसंख्या भएको वडा,वडा नं. १ हो जहाँ गाउँपालिकाको जनसंख्याको ६.९७% मानिस बसोवास गर्दछन् । सबै भन्दा वढि जनसंख्या भएको वडा , वडा नं. २ हो जहाँ १६.९२% मानिस बसोबास गर्दछन् ।खजुरा गाउँपालिकाद्धारा २०७५।०७६ मा गरिएको घरधुरी सर्वेक्षण अनुसार कुल जनसंख्या ५७,०३२ रहेको देखिन्छ जसमा महिला २९,०२८ र पुरुष २८,००५ रहेका छन् । १५ देखि ६० वर्ष उमेर समुहको जनसंख्या ३८९०१ रहेको छ

**२.४) शैक्षिक अवस्थाः**

यस गाउँपालिकाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा २०१२ देखि विद्यालय औपचारिक शिक्षा प्रारम्भ भएको पाइन्छ । बस्तीविकास कम्पनिले वि.सं.२०२३ मा वस्ती बसाई शिक्षालाई प्राथमिकतामा राखि विद्यालयहरुको लागि आवश्यक जग्गा समेत उपलब्ध गराई विद्यालयहरु स्थापना भएको पाइन्छ । पूनर्वास क्षेत्रभित्र जनता मा.वि सन्तकुटि , आदर्श मा.वि डि गाऊ , ज्ञानोदय मा.वि खजुरा ,मैटहवा मा.वि ,शुक्र मा.वि , जनकल्याण मा.वि , मनकामना मा.वि , योगिनी मा.वि र पुराना वस्ती सोनपुर, रनियापुर र उढरापुर मा जनता मा.वि. बठवा, मा.वि. गोदहना, मा.वि.घिया, भानु मा.वि, जनसेवा मा.वि. ले मा.वि तथा उच्च मा.वि तहको शिक्षा प्रदान गर्दै आइरहेका छन् भने संस्थागत विद्यालयतर्फ दीपक , जेनिथ , अरुणोदय , धुर्वतारा , गुरास चाइल्ड, प्रिफर, भूपू सैनिक र इन्टिग्रेटेड आदिले उच्च मा.वि तथा मा.वि तहको शिक्षा प्रदान गर्दै आइरहेका छन् । हाल यस गाँउपालिका भित्र ६६ वालविकास , ३० सामुदायिक विद्यालय र २० संस्थागत विद्यालय १७ वटा मदरसा र २ वटा क्यम्पसहरुले यहाँका बालबालिकाहरुलाई उनिहरुको सुनौलो भविष्यको लागि शिक्षा प्रदान गर्दै आइरहेका छन् भने यसै वर्षदेखि द्यक्ऋ ब्न समेत अध्यापन हुने भयको छ ।वि.स २०६८ सालको जनगणना अनुसार उमेरगत जनसंख्यालाई विश्लेषण गर्दा ० देखि ४ वर्षसम्मको जनसंख्या १०.४२% छ भने ५ देखि ९ वर्ष सम्मको जनसंख्या १२.६८% छ, जुन जनसंख्या कक्षा १ देखि ५ सम्म अध्ययनरत रहेका छन् । त्यसैगरि कक्षा ६ देखि १० सम्म पढ्ने उमेर समूह ९–१४ वर्षको जनसंख्या १३.८३% छ ।

**२.५) सामाजिक अवस्था**

वस्ती विकास कम्पनिले वस्ती बसालेपछी साविक वागेश्वरी, राधापुर र सितापुरमा देशका अधिकांश जिल्लाहरुबाट बसाइसाराई गरेर आएका बहुभाषिक, बहुजातिक र बहुधार्मिक मानिस बसोबास गर्दछन् भने साविक रनियापुर , उढरापुर र सोनपुरमा मधेसी, मुस्लिम, थारु र आदिवासीहरु परापूर्वकाल देखि मिलेर बसोबास गरेको पाइन्छ । यहाँ हिन्दु, इस्लाम, बौद्ध तथा कृश्चियन धर्म मान्ने मानिसहरु रहेका छन् । जातिगत आधारमा बाहुन, क्षेत्री, मुस्लीम, यादव, दलित, जनजाति, थारु, ठकुरी, नेवार, बर्मा आदिको बहुजातिय बसोबास रहेको छ । यस गाँउपालिकाको कुल जनसंख्या मध्ये सबै भन्दा बढि जनसंख्या भएको जाति मुस्लिम हो जुन २६.७०% रहेको छ । त्यसपछि बढि जनसंख्या भएको जाति खस आर्य हो जुन कुल जनसंख्याको २२.६०% रहेको छ । तेस्रो बढि जनसंख्या दलित जातिको रहेको छ जुन १८.१४% रहेको छ । त्यसैगरि जनजाति १५.८८% , थारु ३.५४% र मधेसी ७.९३% जनसंख्या बसोबास गरेको पाइन्छ ।

यहाका मानिसहरुको मुख्य पेसा कृषि भएतापनि वाटो, वत्ती र संचारको समेत सुविधा भएको ेले साना घरेलु उद्योग र व्यापार संचालनमा रहेकाछन भने यस गाँउपालिकाको ्र खजुरा, १ नं., उढरापुर चौरहा र रिमझीम बजार व्यापारिक केन्द्रको रुपमा विकास भएका छन । यहाँका मानिसहरुको मूख्य भाषा नेपाली,अवधी,थारु र उर्दु रहेको छ ।

## २.६) आर्थिक अवस्थाः

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको आम्दानिको मूख्य स्रोत कृषि रहेको छ । यहाँ सिचाइको भरपर्दो व्यवस्था नभएपनि ट्युववेल, डिपबोरिङ्ग र आकसेपानीको भरमा भएपनि खाद्यान्न बाली, नगदेबाली र तरकारी खेतीबाट आयआर्जन गरेको पाइन्छ । यहाँ विशेष गरि धान मिल , गल्ला व्यापार, इट्टा उद्योग, घरेलु तथा साना उद्योग र व्यापार व्यबसाय बाट समेत आयआर्जन गरेको पाइन्छ । पछिल्लो समयमा यहाँका युवा युवतीहरु रोजगारको लागि विदेशमा जाने भएकोले बैदेशिक विप्रेशण ( रेमिटान्स ) पनि आम्दानिको मूख्य स्रोत बनेको छ । निजी तथा सरकारी विद्यालय, सरकारी कार्यालय,उद्योग र व्यापारिक कार्य गरि स्वरोजगार र रोजगारबाट पनि आयआर्जन गरेको पाइन्छ । क्यान्सर अस्पताल , जनक शिक्षा सामाग्री केन्द्र, कपास विकास समिति,इट्टा उद्योग र विद्यालयहरु रोजगारका केन्द्रको रुपमा विकास भइरहेका छन।

## २.७ ) विकासात्मक अवस्थाः

बाँकेजिल्लाका तीनओटा नगरीहरु नेपालगंज, कोहलपुर र खजुरालाई मानिन्छ । यस गाँउपालिकाको मुख्य मार्गको रुपमा नेपालगंज गुलरिया हुलाकी मार्ग, च्यामा– सैनिक पक्की कृषि मार्ग, नेपालगंज – गौघाट पक्की कृषि मार्ग र सम्झना–सिमलघारी पक्की मार्ग रहेका छन भने खजुरागाउँपालिको विशेष पहलमा गतबर्ष वडा नं. १,२,३ र ४मा कालोपत्रे सडकहरु निर्माण गरिएका थिएभने यसबर्ष वडा नं. ५,६,७ र ८ मा कालोपत्रे सडकनिर्माण गर्ने योजना रहेको छ । एक नम्बर – खजुरा – धनौली सम्म चार लेनको बाटो विस्तारको क्रममा रहेकोछ । अन्य धेरै फराकिला ग्राभेल र कच्ची सडकहरु समेत रहेका छन् । स्वास्थ्य क्षेत्रमा अधिकांस वडाहरुमा स्वस्थय चौकि स्थापना हुनुको साथै एज्ञ्क्ष खजुराको स्तर उन्नति गरियको छ । खजुरा कै पहिचानको रुपमा सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल , मध्य र सुदुर

पश्चिमको स्वास्थ्य केन्द्रको रुपमा विकास भइरहेको छ । जनक शिक्षा सामाग्री केन्द्रलाई प्रदेश नं. ५ को छापाखानाको रुपमा विकास गरिदै छ । एउटै गाँउपालिका भित्र ज्ञानोदय मा.वि र जनता मा.वि नमूना विद्यालय र प्राविधिक धारका विद्यालयमा छनौट भई कार्यक्रम संचालन हुनु शैक्षिक क्षेत्रका लागि सुखद पक्ष हो । उच्च शिक्षाको लागि वि.एस.सी ए.जी अध्यापनको लागि सन्तकुटिमा कृषि विश्वविद्यालय रामपुर चितवन बाट आंगिक क्याम्पसको रुपमा अनुमति प्राप्त हुनु अर्को सुखद पक्ष हो । ज्ञानोदय पब्लिक क्याम्पस र खजुरा क्याम्पस उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुको लागि शैक्षिक गन्तब्य बन्दै गइरहेका छन् । यस गाँउपालिकामा रहेका सामुदायिक तथा निजि विद्यालयहरु प्रतिस्पर्धात्मक रुपमा स्तर उन्नति गर्दै गुणस्तरीय शिक्षाको लागि अगाडि बढि रहेकाछन् भने प्राविधिक धारका विद्यालय संचालन गर्न धेरै जसो सामुदायिक र निजि मा.विहरुले चासो देखाउनुका साथै खजुरा गाँउपालिकाले समेत भानु मा.वि उढरापूर मा प्राविधिक धार को विद्यालय संचालन को लागि भवन निर्माण गर्ने काम प्रारम्भ गरेको छ

## २.विगतको प्रयास

यस खजुरा गाउँपालकालाई शैक्षिक हवको रुपमा विकास गर्नको लागि स्थानिय सरकार गठन भै सके पछि शिक्षा क्षेत्रमा गरेका प्रयासहरु निम्नानुसार छन ।

- विद्यालयमा भौतिक पुर्वाधार निर्माण
- विद्यार्थी संख्याको आधारमा विषयगत शिक्षक व्यबस्थापन
- विद्थार्थीको विद्यालयमा पहुच बृद्धि गर्नको लागि ३ वटा विद्यालयलाई बस खरिद गर्न अनुदान प्रदान
- SEE र कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक र संस्थागत विद्यालयका छात्र/छात्रालाई पुरस्कार वितरण
- जिल्लामा तथा राष्ट्रमा खजुरा गाउँपालिकालाई खेलकुद मार्फत चिनाउनको लागि मेयर रनिङ्गसिल्ड खेदकुद प्रतियोगिता संचालन
- शैक्षिक मोहत्सव (शैक्षिक सामाग्री प्रदर्शनी तथा अतिरिक्त क्रियाकलाप) संचालन गरिएको
- पुर्व प्राथमिककक्षा देखि कक्षा १-३ मा कक्षाकोठा सवलिकरण तथा छापामय वातावरण निर्माण
- समुदायमा आधारित बालविकासकेन्द्रलाई विद्यालयमा मर्ज गरिएको
- आधारभूत र माविका १/१ जना शिक्षकलाई ३ महिने ICT तालिम दिएको र १८ वटा विद्यालयलाई ICT व्यबस्थापन
- आधारभूततह सम्म अनिवार्य आधारभूत शिक्षा घोषणा
- कक्षा ५ को स्तर निर्धारण परीक्षा संचालन साथै कक्षा ८ को पालिका स्तरीय परीक्षा संचालन
- कक्षा १-३ सम्म कक्षाकोठामा आधारित परिक्षण गरिएको
- ८ वटा मावि र ३ वटा आधारभूत विद्यालमया सेनटरी प्याडको व्यबस्था सहित छात्रामैत्री शौचालयको व्यबस्थापन
- मधेसी तथा मुस्लिम समुदायमा प्राविधिक शिक्षा संचालन गर्न पालिकाले भौतिक संरचना तथा अन्य आवश्यक व्यबस्थापन गरेको
- मधेसी तथा मुस्लिम समुदायमा छात्राको शिक्षामा पहुच बृद्धि गर्नको लागि छात्रा विद्यालय यसै शैक्षिक शत्र २०७७ बाट संचालन गर्ने तयारी भएको

- जिल्लामा दोस्रो पालिकाको रुपमा मिति २०७६।०४।१४ गते साक्षर पालिका घोषणा
- शिक्षा कार्यविधि २०७५ निर्माण गरि शैक्षिक गतिविधि संचालन गरिएको
- शैक्षिक क्यालेन्डर निर्माण गरि सो अनुसार शैक्षिक गतिविधमा एकरुपता गरिएको
- शिक्षणका लागि शिक्षक डायिरी निर्माण गरि सबै सामुदायिक तथा संस्थागतका शिक्षकलाई वितरण गरिएको
- शैक्षिक गुणस्तर अभिबृद्धि गर्न सबै विद्यालयको प्र.अ लाई ३२ बुदे करार सम्झौत गरिएको
- बृहत खजुरा सम्मेल सम्पन्न गरि शिक्षा लगायत अन्य विषयमा २१ बुदे प्रतिबद्धता पत्र जारी गरिएको

## ३ वर्तमान अबस्था/स्थिति

यस गाँउपालिका भित्र शैक्षिक सत्र २०७६ को तथ्यांक अनुसार तपसिलका शिक्षण संस्थाहरुले शैक्षिक क्रियाकलाप संचालन गरेका छन् ।

| सि.न | विवरण | शिक्षण संस्था खजुरा गा.पा | प्रकृति |
|---|---|---|---|
| १ | ०–५ आधारभूत | ११ | सामुदायिक |
| २ | ०–८ आधारभूत | ५ | सामुदायिक |
| ३ | ०–१० मा.वि | ९ | सामुदायिक |
| ४ | ०–१२ मा.वि | ५ | सामुदायिक |
| ५ | जम्मा ०–१२ | ३० | सामुदायिक |
| ६ | बाल विकास केन्द्र | ६६ | विद्यालय र समुदाय |
| ७ | सामुदायिक अध्ययन केन्द्र | ४ | |
| ८ | मदरसा | १७ | |
| ९ | गुरुकुल | ० | |
| १० | प्राविधिक विद्यालय | २ | सामुदायिक |
| ११ | क्याम्पस/कलेज | ३ | पब्लीक र निजी |
| १२ | नमुना विद्यालय | २ | सामुदायीक |
| १३ | प्राविधिक धार | ० | सि.टि.इ.भि.टि |
| १४ | ०–५ आ.वि | ५ | संस्थागत |
| १५ | ०–८ आ.वि | ५ | संस्थागत |
| १६ | ०–१० मा.वि | ५ | संस्थागत |
| १७ | ०–१२ मा.वि | ३ | संस्थागत |
| १८ | मन्टेश्वरी | २ | संस्थागत |

विश्लेषण: माथिको लथ्याङ्कलाई विश्लेशण गर्दा यहाँको जनघनत्व अनुसार सामुदायिक र सस्थागत विद्यालय हरु वडा नं. १,२,३ र ४ मा प्रयास रहेकोछ भने वडा नं. ५,६,७ र ८ मा न्यून रहेको देखिन्छ । CTEVT बाट मान्यता प्राप्त विद्यालयहरु नभएको र प्राविधिकधार तर्फ उच्च शिक्षाका लागि कृषि बाहेक अन्य नभएकोले त्यस तर्फ सरोकारवालाले समयमै ध्यनपुयाउनु पर्ने देखिन्छ ।

**शिक्षक तथा विद्यार्थी विबरण**

| क्र.स. | विवरण | शिक्षक विबरण | विद्यार्थी संख्या सामुदायिक | | | विद्यार्थी संख्या संस्थागत | | | निजि शिक्षक तथा कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | सामुदायिक | संस्थागत |
| १ | आ.त १–५ | १५६ | २९११ | २९१५ | ५८२६ | ११०५ | १७५९ | २७६४ | ० | १९२ |
| २ | आ.त ६–८ | ४० | १३०८ | १३५२ | २५६० | ३९० | ५५३ | ९४३ | ० | ५० |
| ३ | मा.वि. ९–१० | ३५ | ७६७ | ७४९ | १५१६ | १६६ | ३१८ | ४८४ | ० | २४ |
| ४ | मा.वि. ११–१२ | १२ | ४०६ | ३११ | ७१७ | १२० | ७० | १९० | ० | |
| ५ | बा.वि.के | ६६ | ७१५ | ६०५ | १३२० | ८५० | १००२ | १८५२ | ० | ७० |
| ६ | उच्च शिक्षा | | २१५ | ११० | ३१५ | २१० | १०६ | ३१६ | ० | |
| ७ | प्राविधिक धार | १८ | ९६ | २२१ | ३१७ | ० | ० | ० | ० | ० |
| ८ | खुल्ला विद्यालय | आंशिक | ४५ | ३५ | ८० | ० | ० | ० | ० | ० |
| ९ | कर्मचारी | ४४ | ० | ० | ० | ० | ० | ० | ० | ९० |

माथिको लथ्याङ्क लाई विश्लेषण गर्दा सामुदायिक तर्फ बालविकास मा शिक्षक विद्यार्थी अनुपात १:२०आधारभूत तह (१–५) मा शिक्षक विद्यार्थी अनुपात १:३७ , आधारभुत तह (६–८) मा शिक्षक विद्यार्थी अनुपात १:६४,मा.वि. तह (९–१०) मा शिक्षक विद्यार्थी अनुपात १:४४ र , मा.वि. तह (११–१२) मा शिक्षक विद्यार्थी अनुपात १:६० रहेको देखिन्छ । गुणस्तरीय शिक्षा को लागि शिक्षक विद्यार्थी अनुपात १:२५ देखि १:४० हुनुपर्नेमा हालको अनुपात बालविकास बाहेक सबैतहमा धेरैदेखिन्छ । सामुदायीक विद्यालयहरुमा कर्मचारीहरुको दरबन्दि नहुदा लेखा तथा प्रशासनिक कार्यमा ठिनाइ रहेको छ ।

शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक व्यबस्थापन गर्नेहो भने १–५ कोलागि७७ जना, ६–८ कोलागि ४५ जना, ९–१० को लागि १९ जना र ११–१२ को लागि १० जना शिक्षक दरवन्दि थपगर्नु पर्नेदेखिन्छ ।

सस्थागत तर्फको शिक्षक विद्यार्थी अनुपात औसत कक्षा १ देखि १० सम्म १:२० हुनु सकारात्मक पक्ष हो ।कक्षा १देखि १२ सम्मको विद्यार्थीहरुको कक्षा छोडने दर गाउपालिका भित्र सामुदायीक तर्फ तहअनुसार कक्षा १–५ देखि कक्षा ६–८ सम्म ६६%, कक्षा ६–८ देखि कक्षा ९–१० सम्म ४१% र कक्षा ९–१० देखि कक्षा ११–१२ सम्म ५३% रहेको देखिन्छ ।सस्थागत तर्फ तहअनुसार कक्षा १–५ देखि कक्षा ६–८ सम्म ६६% कक्षा ६–८ देखि कक्षा ९–१० सम्म ४९% र काक्षा ९–१० देखि कक्षा ११–१२ सम्म ६१% रहेको देखिन्छ । सामुदायिक तथा निजि विद्यालयमा विद्यार्थीहरुको काक्षा

छोडनेदर अत्याधिक देखिएकोले यसको न्यूनिकरणकोलागि सरोकारवालाहरुले विशेष पहल गर्नु पर्ने देखिन्छ ।

सिकाई उपलब्धि र जिल्लाको अवस्था

| क.स. | विवरण | सिकाई उपलब्धि | जिल्लाको अवस्था |
|---|---|---|---|
| १ | आधारभूत १–५ | ६१ | ५३ |
| २ | आधारभूत ६–८ | ५६ | ५२ |
| ३ | मा.वि.सा ९–१० | ६१ | ४७ |
| ४ | मा.वि. प्रा ९–१० | ६३ | ५७ |
| ५ | मा.वि ११–१२ | ३६ | ३० |
| ६ | साक्षरता प्रतिशत | ९६.९९ प्रतिशत | |

यस गाँउपालिकाको सिकाइ उपलब्धि जिल्लाको तुलनामा आधारभुत तह (१–५) मा १५% , आधारभुत तह (६–८) मा ८%,मा.वि. तह (९–१०) मा ६% ले बढिहुनु सकारात्मक पक्ष हो ।

| सि.न | विवरण | | वडा १ | | वडा २ | | वडा ३ | | वडा ४ | | वडा ५ | | वडा ६ | | वडा ७ | | वडा ८ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | घर | जन | घर | जन | घर | जन | घर | जन | घर | जन | घर | जन | घर | जन | घर | जन | घर | जन. |
| १ | जनसंख्या | म | ६८४ | २०८४ | १७५० | ३४४१ | १६९९ | ३८०७ | १५४० | ३८०७ | १२३४ | ३२२८ | २३३४ | ५८७७ | १६९६ | ३६४४ | ११०५ | ३१६६ | १२१५२ | २९०२८ |
| | | पु | | २१६६ | | ३५१५ | | ४२३९ | | २४५९ | | ३५४६ | | ४७४९ | | ४००६ | | ३२८२ | | २८००४ |
| | | ज | ४२६२ | | ६९५६ | | ८०१९ | | ६२९६ | | ६७७४ | | १०६२६ | | ७६५१ | | ६४४८ | | ५७०३२ | |
| २ | शैक्षिक साक्षरता | | २८८० | | ४४१५ | | ६८०४ | | ३०८६ | | २७६८ | | ५८५४ | | ३८१४ | | २६८१ | | ३२३२० | |
| ३ | अवस्था निरक्षरता | | ७२ | | १५२ | | ४६२ | | ३५३ | | १७३३ | | २०८६ | | ३०६७ | | १११९ | | ९०४४ | |
| ४ | विद्यालय जाने | | १०१५ | | १०५० | | ३६८१ | | २०९० | | १४४९ | | १५९५ | | २०२६ | | १७८७ | | | |
| ५ | विद्यालय नजाने | | ० | | ० | | १० | | १० | | १४१२ | | १४२२ | | ३२ | | ११४ | | ३००० | |
| ६ | अपाङ्गता | | ० | | ० | | २३ | | २१ | | २४ | | ४५ | | १५ | | १६ | | १४४ | |

माथिको तथ्याङ्कलाई बिश्लेषण गर्दा १५ देखि ६० बर्ष उमेर समुहमा ९६.९९ प्रतिशत साक्षर जनसंख्या रहेको छ भने विद्यालय नजानेको संख्या ३००० देखिएको छ ।

**शौक्षिक क्षेत्रमा लगानी**

२०७५।०७६ को चालुवर्षमा सामुदायिक विद्यालयको पठनपाठन संचालन र व्यवस्थापन र पूँजिगत समेत गरी खजुरा गाउँपालिकाबाट भएको खर्च १करोड ५० लाख आन्तरिक र सर्शततर्फ १९ करोड आर्थिक वर्ष २०७६।०७७ मा गाउँपालिकाको कुल बजेट सर्शत, समानिकरण, राजश्व बाँडफाँड र विषेश अनुदान गरि रु ६६करोड २६ लाख ६५ हजार रहेको मा शिक्षा तर्फ आन्तरिक रु २करोड ५२ लाख र सर्शततर्फ २० करोड ४८ लाख गरि जम्मा रु २३ करोडविनियोजित गरिएको छ । यस गाउँपालिका

भित्र निजि क्षेत्रका २० वटा विद्यालयहरुले चालु खर्चतर्फ वार्षिक रु १२,८७,०००.००बजेट खर्चहुने देखिन्छ भने पुजिँगत तर्फ गरिब ३०करोडको लगानि भएको पाइन्छ ।

**नेपाल सरकारको संवैधानिक र कानुनी व्यवस्था**

नेपालमा योजनाबद्ध शिक्षाको विकास गर्न, राष्ट्र विकासको लागि आवश्यक जनशक्ति तयार गर्न, सर्वसाधारण जनताको सदाचार सिष्टाचार र नैतिकता कायम राख्न मुलुक भित्र स्थापना भएका र स्थापना हुने विद्यालयको संचालन र व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न सर्बप्रथम " शिक्षा ऐन, २०२८ तयार गरि २०२८ देखि २०३२ साल सम्म चरणबद्ध रुपमा देशका ७५ वटै जिल्लामा लागू गरिएको थियो । यो ऐन विभिन्न कालखण्डमा आठौं/नवौं पटक सम्म संशोधन भई समय अनुकुल बनाउदै अगाडि बढेको पाइन्छ ।बर्तमान संविधानको भाग ५ धारा ५७(४) राज्यशक्तिको बाँडफाँडमा व्यवस्था भयअनुसार अनुसुचि ८ र स्थानियतहको २२ वटा अधिकार मध्य ८ औ बुदामा आधारभुत र माध्यामिक शिक्षालाइ स्थनिय तहको अधिकार सुचिभित्र राखियको छ ।२०६२।०६३ सालको जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रको मर्म अनुसारको शिक्षा प्रणाली विकास गर्न विभिन्न प्रयास भएता पनि २०७५ सालमा गठित उच्च स्तरीय शिक्षा आयोगको सुझाव अनुसार शिक्षा नीतिमा व्यापक परिवर्तन सहितको शिक्षा ऐन पारित गर्ने अनुमान गरिएको छ ।संविधानको मर्म र स्थानीय सरकार संचालन ऐन अनुसार माध्यमिक तह सम्मको शिक्षालाई अनुमति दिने , संचालन गर्ने , व्यवस्थापन गर्ने र नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिईएको छ भने उच्च शिक्षाको अधिकार प्रदेश र संघमा राखिएको छ ।

## ४.मुख्य समस्या तथा चुनौतीहरु

### ४.१समस्याहरु

- नियमानुसार शिक्षक व्यबस्थापन गर्न नसक्नु,बालविकासका केन्द्रलाई व्यबस्थापन गर्न नसक्नु
- विद्यालय मर्च गर्न वा कक्षा घटाउन नक्नु,विद्यालय २४२ दिन खोल्न र पढाई हुने दिन लाई २१४ दिन कार्यान्वयन गर्न नसक्नु
- वालबालिकामा पठन सिप तथा संस्कृतिको बिकास गर्न नसक्नु,अनुगमन तथा सुपेरीवेक्षण नियमित गर्न नसक्नु ,सिकाई उपलब्धि बृद्धि गर्न नसक्नु
- Task on Time and Time on Task अवधारणा विकास गर्न नसक्नु
- शिक्षक र कर्मचारीको दरबन्दी मिलान गर्न तथा थप शिक्षक व्यबस्थापन गर्न नसक्नु
- प्र.अ.तथा शिक्षकलाई नेत्रीत्वसिप विकास गर्न,शिक्षकले सिकेका र तालिममा लिएका विषयबस्तुलाई कक्षाकोठामा स्थान्नतरण गर्न नसक्नु
- प्राविधिक तथा व्यबसायिक शिक्षा प्राप्त गरेका जनशक्तिको बजार व्यबस्थापन गर्न नस्कनु
- सबै विद्यालयमा सूचना प्रविधिमैत्री कक्षाकोठा व्यबस्थापन गर्न नसक्नु
- सबै बालबालिकालाई विद्यालयमा भित्र्यान,टिकान र ती बालबालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्न नसक्नु
- विद्यालयमा शुसासन,पार्दशिता कायम गर्न नसकिनु

### ४.२ चुनौतीहरु

- गाउँपालिका भित्र असहाय, अभिभावक विहिन तथा आर्थिक रुपमा अति विपन्न परिवारका बालबालिकाहरुलाई विद्यालमा ल्याउने र टिकाउने,
- अपाङ्गता भएका बालबालिकाहरुलाई स्रोतकक्षामा ब्यबस्थापन गर्न र शिक्षा प्रदान गर्न,

- अभिभावकको शिक्षा प्रति अपनत्तव, बाल विवाह न्यूनिकरण गर्न,विद्यालयमा विद्यार्थीको नियमितता र कक्षा दोहर्याउने, र बिचैमा विद्यालय छाडने दर शून्य बनाउन,
- विद्यालयमा बालबालिकालाई भर्ना सकेपछि टिकाउने, सिकाउने र विकाउने अवस्थामा सुधार ल्याउन,
- परम्परागत (मदरशा) विद्यालयलाई मुलधारमा ल्याउन,
- बालमैत्री तथा सुरक्षित भौतिक संरचनाहरु व्यबस्थापन गर्ने,
- शिक्षा नितीगत व्यबस्थामा एकरुपता गर्न,
- नियमानुसार दक्ष जनशक्ति (प्रविधि मैत्री)व्यबस्थापन तथा स्रोत व्यबस्थापन गर्ने,
- विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्न र सो अनुसार कार्यान्वयन गर्न,
- सार्वजनिक विद्यालयमा गुणस्तर अभिबृद्धि गर्नु
- सुशासन र पारदर्शिता कायम गर्न
- शिक्षाको निशुल्क, सर्वसुलभता र समन्यायिकता गर्न
- सार्वजनिक विद्यालय प्रति सबै नागरिकको अपनत्व र बुझाईमा एकरुपता गर्नु
- विद्यालय व्यबस्थापन समिति गठनमा राजनितीकरण हुनु

## ५ नयाँ शिक्षा नितीको आवश्यकता

समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई सार्थक बनाउन प्रत्येक नेपाली जीवनोपयोगी ज्ञान, सीपबाट सुसज्जित र शिक्षित हुनु पहिलो शर्त हो ।शिक्षा र बिकास एक आर्काका परिपुरक हुन् अर्थात शिक्षा बिना विकास असम्भव प्रायः छ भन्ने आदर्शलाई आत्मसात गर्दै समग्र शिक्षा क्षेत्रको बिकासका माध्यमबाट सिंगो समाजलाइ रुपान्तरण गर्ने अभियानमा खजुरा गाउँपालिका रहेको छ । आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण गरी देश विकास गर्न साक्षरता प्रतिशत उच्च हुनु पहिलो शर्त हो । शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो ।शिक्षा विकासको मूल आधार हो । यसले मानिसलाई समुन्नत जीवन जिउनका लागि सीप र सिर्जना मात्र प्रदान गर्दैन चिन्तनको दायरा समेत फराकिलो बनाएर उच्चताबाट संसारलाई नियाल्न समेत सिकाउछ । विशिष्टरुपमा भन्नुपर्दा जीवन जिउने क्रममा सामना गर्नुपर्ने चुनौति र समस्याहरुलाई समाधान गर्नका लागि विभिन्न विकल्पहरुको बीचमा सर्वोत्तम विकल्पको छनौट गर्नका लागि मानिसलाई सक्षम बनाउछ । अभावको भुमरीभित्र पनि संभावनाका उर्वर फाँटहरु सिर्जना गर्ने काम शिक्षाले गर्दछ ।

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको ँडफाँट,बा मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मुल आधार हुन् ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक परेको हो । संघीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत परेको हो ।

## ६.दुरदृष्टि र दीर्घकालीन सोच

**"खजुरा गाउँपालिकाको अभियानः सभ्य,शिक्षित,स्वस्थ जनशक्ति निर्माण"**

### ७.लक्ष्य

खजुरा गाउँपालिकालाई प्रतिस्पर्धि,रोजगारमुलक,प्रविधि मैत्री,जनशक्ति उत्पादन गरि शैक्षिक हवको रुपमा विकास गर्ने

**८.**उद्देश्य

१.विद्यालय उमेरका सबै बालबालिकालाई साधारण तथा प्राविधिक शिक्षाका लागि विद्यालयको पहुँचमा पुर्याउने,

२.आधारभूततहमा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क गर्दै जाने

३.गुणस्तरीय शिक्षाका लागि शिक्षक तथा कर्मचारी व्यवस्थापन,सामाग्री व्यवस्थापन,भौतिक पूर्वाधार सवलिकरण गर्ने

४.क्षमता विकासका अवसरहरु सृजना गरि पेशागत मर्यादा र वृत्ति विकास गर्ने

५.सुरक्षित बालमैत्री,लैङ्गिक मैत्री,अपाङ्गमैत्री र हरित विद्यालय निर्माण गर्ने

६.औपचारिक शिक्षाका अवसरबाट वञ्चित समूहलाई अनौपचारिक शिक्षा,विषेश र खुला शिक्षाका अवसर प्रदान गर्ने

७.वालबालिकाको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक वालविकास शिक्षालाई प्रभावकारी रुपमा संचालन गर्ने

८.अभिभावक शिक्षाका माध्यमबाट विद्यार्थीहरुमा सिकाई संस्कारको विकास गर्ने

९.विद्यार्थीहरुको कक्षा छोड्ने दर र कक्षा दोहोर्याउने दरलाई न्यूनीकरण गर्दै सिकाई उपलब्धि वृद्धि गर्ने

## ९ रणनिती तथा कार्यनितीहरु

| रणनितीहरु | कार्यनितीहरु |
|---|---|
| १.१विद्यालय बाहिर रहेका र पहुँचमा नभएका बालबालिकालाई पहिचान गरि विद्यालयलाई सिकाईको केन्द्र विन्दुका रुपमा विकास गर्ने | १.विद्यालय बाहिर रहेका बालबालिको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी विद्यार्थीको संख्या एकिन गर्ने<br>२.भर्ना अभियान संचालन गर्ने र सबै सरोकारवाललाई सहभागी गराई घरदैलो कार्यक्रम संचालन गर्ने<br>३.लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति,स्टेशनरी र आवश्यक सामाग्रीको व्यवस्थापन गर्ने<br>४.दिवा खाजाको व्यवस्थापन गर्ने<br>५.अपाङ्ग,अभिभावक विहिन तथा असहाय बालबालिकाका लागि छात्राबासको व्यवस्थापन गर्ने<br>६.मधेसी तथा मुस्लिम समुदायका छात्रालाई विद्यालयमा ल्याउनको लागि छुट्टै छात्रा विद्यालय संचालन गर्ने |
| १.२ प्राविधिक तथा व्यबसायिक शिक्षाका माध्यमबाट दक्ष जनशक्ति तयार गर्न अवसर प्रदान गर्ने | १.प्रत्येक वडामा प्राविधक तथा व्यबसायिक शिक्षा प्रदान गर्ने विद्यालय संचालन गर्ने<br>२.प्राविधिक अध्ययन गर्ने विद्यार्थीका लागि प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने<br>३.स्थानिय सरकारले प्राविधिक शिक्षा आर्जन गरेका विद्यार्थीलाई सिप र क्षमता अनुसारको बजारको सृजना गर्ने |

| | |
|---|---|
| १.आधारभूत तथा माध्यमिक शिक्षा निःशुल्क गर्नका लागि प्रायास मात्रमा स्रोतको व्यबस्थापन गरि सबै सरोकारवालाईलाई जवाफदेही बनाउने | १.सबै विद्यालयमा विषयगत शिक्षक,कर्मचारी को व्यबस्थापन गर्ने<br>२. विद्यालयमा प्रभावकारी रुपमा शैक्षिक क्रियाकलाप संचालन गर्न वजेटको व्यबस्थापन गर्ने<br>३. विद्यालयमा अपाङ्ग मैत्री,बालमैत्री लैङ्गिक मैत्री भौतिक संरचना निर्माण गर्ने<br>४.सबै प्रकारका बालबालिकाको अनुकुल हुने गरि विभिन्न प्रकारका शैक्षिक सामाग्रीको व्यबस्थापन गर्ने |
| ३.गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि दक्ष शैक्षिक जनशक्ति तथा समय सुहाउदो सामाग्रीको व्यबस्थापन गर्ने | १.विद्यार्थी संख्याका आधारमा शिक्षक तथा कर्मचारीको व्यबस्थापन गर्ने<br>२.तहगत तथा कक्षा गतरुपमा प्रविधि मैत्री सिकाई सामाग्री निर्माण र उपयोग गर्न क्षमता विकास गर्ने<br>३.सिकाई सामग्री र विकास र व्यबस्थापनका लागि शिक्षामा कार्यरत विकास साझेदारहरु संग समन्वय र सहकार्य गर्ने |
| ४.शिक्षण पेशालाई समाजमा सम्मानित तथा मर्यादित बनाउन समयानुकुल क्षमता विकास,अवसर र प्रोत्साहन प्रदान गर्ने | १. शिक्षकलाई योग्यता बढाउन अध्ययन विदा,पेशागत तालिम,प्रविधि मैत्री तालिम र आर्थिक सहुलियत प्रदान गर्ने<br>२.सुत्केरी विदामा बस्ने महिला शिक्षकको लागि सट्टा शिक्षकको प्रबन्ध गर्ने<br>३.पेशागत मर्यादालाई अभिबृद्धि गर्न शिक्षकको आचारसंहिता,ऐन नियममा तथा अन्य प्रावधान अनुसारका अभिमुखीकरण कार्यक्रम संचालन गर्ने |
| ५.१ विद्यालयमा सबै प्रकारका वालबालिका अनुकुल हुने गरि भौतिक संरचना निर्माण गर्न संघीय सरकार प्रदेश सरकार तथा अन्य सरोकार वाला संग समन्वय तथा सरकार्य गर्ने<br>५.२ विद्यालयमा विपत व्यबस्थापनका लागि क्षमता विकास गर्ने | १.एक विद्यालय एक फुलवारी कार्यक्रम संचालनका लागि बजेट व्यबस्थापन गर्ने<br>२.सबै विद्यालयमा भुकम्प प्रतिरोधि भवन निर्माण गर्ने र रेक्ट्रोफिटिङ्ग गर्ने<br>३.सबै विद्यालयमा भौतिक संरचनामा बालमैत्री,अपाङ्ग मैत्री,लैङ्गिक मैत्री निर्माण गर्ने<br>४.कम्पाउड नभएका विद्यालयहरुमा बायो फेन्सिङ्गको अबधारण अनुसार विद्यालयलाई गर्न लगाउने<br>५.सबै विद्यालयमा VCA गर्ने<br>६.विपद व्यबस्थापनका सम्बन्धमा विद्यार्थीहरुलाई अभिमुखीकरण कार्ययक्रम संचालन गर्ने |
| ६ अनौपचारिका शिक्षा तथा बैकल्पिक सिकाई मार्फत सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसंग आवद्ध गरि जीवन पर्यन्त सिकाईलाई सुनिश्चित गर्ने | १.अनौपचारिक क्षेत्रका सिपहरुको अभिलेखिकरण गर्ने<br>२.पठन संस्कृतको विकासका लागि विधुतिय पुस्तकालयका अवसर विस्तार गर्ने<br>३.निरन्तर शिक्षाका कक्षाहरु संचालन गर्ने<br>४.अनौपचारीक शिक्षा प्राप्त गरेका व्यक्तिलाई आयआर्जन कार्यक्रमका लागि सहकारी संग जोड्ने<br>५.निरक्षरहरुको तथ्याङ्क संकलन गरि पुर्ण साक्षर पालिका घोषणा गर्ने |
| ७ .न्यूनतम मापदण्ड सहितको प्रारम्भिक बालबिकासको अवसर विस्तार गर्न स्थानीय सरकार र सरोकारवारलाको सहभागितामा बालबालिकाको सर्वाङ्गिण विकासको सुनिश्चितता गर्ने | १.सबै प्रकारका बालविकासकेन्द्रलाई विद्यालयमातहतमा ल्याउने<br>२.प्रारम्भिक कक्षालाई नक्साङ्कन गरि व्यबस्थापन गर्ने<br>३.सबै प्रारम्भिककक्षामा न्यूनतम मापदण्ड बमोजिमका पुर्वाधारहरु तयार गर्ने<br>४.शिक्षकको क्षमता तथा योग्यता विकासका अवसरहरु उपलब्ध गराउने<br>५.बालबालिका अनुकुलका शैक्षिक सामाग्रीको विकास गर्ने |
| ८.१ सिकाईको अभिन्न सरोकारका रुपमा अभिभावकलाई लिई जिमम्मेवारीबोध गराउने<br>८.२ सार्वजनिक विद्यालय प्रति अभिभावकको अपन्त्व अभिबृद्धि गर्ने | १.पालिकाले तथा विद्यालयले अभिभावक शिक्षा संचालन गर्न कार्यक्रम संचालन गर्ने<br>२.विद्यालयले संचालन गर्ने विभिन्न कार्यक्रममा अभिभावकलाई पुस्कृत गर्ने<br>३.सामुदायिक विद्यालयमा हाम्रो १ दिन भन्ने कार्यक्रम संचालन गरि सबै सरोकारवालालाई विद्यालयप्रति चासो जगाउने<br>४.घरमा पढाईकुना निर्माण गर्न अभियान संचालन गर्ने<br>५.कक्षा अनुसार अभिभावक भेला र छलफल गर्ने<br>५.विद्यालयमा नियमित अभिभावकको अनुगमनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने<br>६.नियमितरुपमा संचालन हुने गरि जनप्रतिनिधि,शिक्षा समिति,अभिभावक,शिक्षक र विद्यार्थीका विचमा शैक्षिक उत्थानका लागि अन्तक्रिया संचालन गर्ने<br>७.शिक्षा संगरोकार राख्ने गैर सरकारी संस्थाहरुलाई अभिभावक शिक्षा संचालनमा परिचालित गर्ने<br>८.अभिभावक दिवस मनाउने कार्यक्रम संचालन गर्ने |

| | |
|---|---|
| ९.१ कक्षा छाड्ने दर र दोहोर्याउने दर कम गर्ने उपायहरु अबलम्बन गर्दै सरोकारवाला छालफल गरि कार्यान्वयन गर्ने<br>९.२ विद्यार्थीको सिकाई उपलब्धि अभिबृद्ध गर्नका लागि सिकाई सुधार योजना कार्यान्वयन गर्ने | १.कक्षा छाड्ने दर र दोहोर्याउन विद्यार्थीको अबस्था विष्लेशन गरि शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने<br>२.उपचारात्मक शिक्षण,कोचिङ्ग,आवश्यकता अनुसार सम्पर्क कक्षा संचालन गर्ने<br>३.स्थानीय जनप्रतिनिधि,अभिभावक र विद्यालय परिवारलाई जिम्मेवार बनाउने<br>४.अभिभावकलाई जिम्मेवार बनाई जनचेतना मुलक कार्यक्रम संचालन गर्ने<br>५. विद्यार्थीको दैनिक ट्याकिङ्ग गर्ने<br>५.दैनिक विद्यार्थीको उपस्थितिको बारेमा शिक्षक स्टाफ संग छलफल गर्ने र अभिभावकलाई जानकारी गराउने<br>६.ग्रेड शिक्षणको व्यबस्थापन गर्ने<br>७.प्रत्येक दिन सबै विद्यार्थीको शिक्षण सिकाई क्रियाकलापबारेमा विष्लेशन गर्ने र सो अनुसार क्रियाकलाप संचालन गर्ने<br>८. निरन्तर विद्यार्थी मुल्यानङ्कलाई प्रभावकारी रुपमा संचालन गर्ने<br>९.स्थानीय पाठ्यक्रम निर्माण गरि संचालन गर्ने<br>१०.दक्ष जनशक्ति व्यबस्थापन गर्ने र विद्यार्थी मैत्री प्रयाप्त मात्रामा शैक्षिक सामाग्री व्यबस्थापन गर्ने<br>११.पढाई उत्सव/शैक्षिक प्रदर्शनी मेला/अतिरिक्त क्रियाकलाप/कक्षाकोठामा आधाररित पठन सिप परिक्षण,स्तरमापन परीक्षा र Bench Marking लाई प्राथमिकता दिई पठन सिपको विकास गर्ने,<br>१२. विद्यालयको वातावरण विद्यार्थीका लागि **बसूँ बसू, पढूँ पढूँ** जस्तो मनोरम बनाउन विभिन्न किसिमका कार्ग्रम संचालन गर्ने, |

**१०. नीति कार्यान्वयनको जिम्मेवारी :**

यस पालिकाले निर्माण गरेको नीति कार्यान्वयन गरी अधिकतम् लाभ लिनका लागि मुख्य जिम्मेवारी स्थानीय सरकारको रहन्छ तर पनि अन्य सरकारवालाहरुको भूमिकालाई नजरअन्दाज थर्न मिल्दैन । समग्रमा जिम्मेवारीको बाँडफाँड निम्नानुसार गरिएको छ :

**१०.१ गाउँपालिकाको जिम्मेवारी :**

क) स्रोत आँकलन गरी बजेट व्यवस्थापन गर्ने,
ख) स्थानीय सरकारका शिक्षासंग सम्बन्धित संरचनाहरु स्थापना, गठन तथा परिचालन गर्ने,
ग) शिक्षा नीतिसंग मेल खाने गरी सहयोग गर्न आएका गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गरी सहयोगको वातावरण बनाइदिने,
घ) आवश्यक ऐन कानुन, नियम, निर्देशिका र मापदण्डहरु निर्माण गर्ने,

**१०.२ शिक्षा समितिको जिम्मेवारी :**

क) विद्यालयहरुको नियमित अनुगमन, मूल्याङ्कन र योजनामा सुधारसहितका अवसरहरु प्रदान गर्ने,
ख) विद्यालयसंग सरोकार राख्ने पक्षसंग समन्वय गरी दिने,
ग) गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
घ) शिक्षासंग माथिल्ला निकाय, संस्थासंग आवश्यक समन्वय गरी स्रोतमाथिको पहुँच बढाउने,

**१०.३ विद्यालयको जिम्मेवारी :**

क) विद्यालय भित्रको शैक्षिक योजना निर्माण गरी सो को कार्यान्वयन गर्ने,
ख) गाउँ शिक्षा समिति र गाउँ पालिकासंग आवश्यक समन्वय र सहकार्य गर्ने,
ग) शिक्षकको पेशागत वृत्ति विकास र शैक्षिक उन्नयनका लागि प्रचलित नियम, कानुनको पूर्ण पालना गर्ने र गर्न लगाउने ।
घ) …………….

१०.४ शिक्षकको जिम्मेवारी,

१०.५ जनप्रतिनिधि र अभिभावकको जिम्मेवारी

## ११.संस्थागत संरचना

१.खजुरा गाउँपालिका गाउँकार्यपाललिका
२.गाउँशिक्षा समिति

३.शिक्षा,यूवा तथा खेलकुद शाखा
४.सार्वजनिक  र निजी विद्यालय
५.४ वटा सामुदायिक अध्ययन केन्द्र
६.उच्च शिक्षा प्रदायिक संस्थाहरु
७.शिक्षा संग सरोकारराख्ने गैर सरकारी संस्थाहरु

## १२.आर्थिक पक्ष

१.संघीय सरकारले प्रदान गर्ने शसर्त अनुदान,समानिकरण अनुदान,समपुरक अनुदान र विषेश अनुदान
२.प्रदेश सरकारले प्रदान गर्ने शसर्त अनुदान,समानिकरण अनुदान,समपुरक अनुदान र विषेश अनुदान
३.स्थानीय सरकारको स्रोत
४.निजी क्षेत्रको लगानी
५.शिक्षा क्षेत्रमा सरोकार राख्ने गैरसरकारी संस्थाको बजेट
६.चन्दा,अनुदान,ऋण र अन्य व्यबस्थापन

## १३ कानुनी पक्ष

स्थानीय शिक्षा निती २०७६ को प्रभावकारी कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका ऐन,नियम,निर्देशिका र कार्यविधि
१.स्थानीय शिक्षा ऐन २०७६
२.शिक्षा कार्यविधि २०७५
३.स्थानीय सरकार संञ्चालन ऐन २०७४

## १४.अनुगमन तथा मुल्याङ्कन

मासिक रुपमा,चौमासिक रुपमा र मध्यकालिन र दीर्घकालिन रुपमा मुलल्याङ्कन गर्दै शिक्षामा शैक्षिक गुणस्तर अभिबृद्ध गर्ने

## १५.जोखिम तथा जोखिम न्यूनीकरण

यस नीतिको  कार्यान्वयनका क्रममा निम्न जोखिमहरु रहने आँकलन गरिएको छ :
क) स्रोतको अपर्याप्तता हुन सक्छ,
ख) सरोकारवालाको चासो सम्बोधन नभएको अवस्थामा अपनत्व ग्रहण गर्न नसक्नु,
ग) सङ्क्रमणकालिन अवस्थामा कानुनको दोहोरो प्रभाव र अर्थ लाग्न सक्ने,
घ) अपेक्षित उद्धेश्य पूरा हुन नसक्दा नीति कार्यान्वयनमा कठिनाइ,

## १६जोखिम न्यूनिकरण

- स्रोत व्यबस्थापन गर्न स्थानीयतले स्रोतको आकंलन गर्ने
- सबै सोरोकारवाला पक्षलाई अभिमुखीकरण गरि शिक्षा प्रति चासो,अपनत्व जगाउने अभियान संचालन गर्ने
- कानूनको कार्यान्वयनमा एकरुपता गर्न संघ,प्रदेश र स्थानीयतहले समन्वय र सहकार्य गर्ने
- शिक्षा साझेदार गैरकारी संस्थाहरुसंग सहकार्य गर्ने

## १७ शिक्षा नीति निर्माण कार्ययोजना

| क्रस | क्रियाकलाप | कहिले गर्ने | कसरी गर्ने | जिम्मेवार पक्ष | समन्वय र सहकार्य |
|---|---|---|---|---|---|
| १ | शिक्षा नीतिको मस्यौदा तयारी | २०७६।०८।२९ देखि ९ महिना १ | कार्यशाला संचालन गरि | कार्यशालमा सहभागी व्यक्तिहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गते सम्म | | | |
| २ | शिक्षा समिति तथा कार्यपालिकामा छलफल | २०७६ पौष पहिलो हत्ता | मस्यौदामा छलफल गर्न कार्यशाला संचालन गर्ने र निती निर्माणका लागि आवश्यक परे समूह निर्माण गर्ने | गाउँपालिका | प्लान ईन्टरन्याश्नल नेपाल र स्याक नेपाल |
| ३ | राय तथा सल्लाह सुझावका लागि सरोकारवाला व्यक्तिको कार्यशाला संचान | २०७६ साल पौषको द्रोस्रो हप्ता | कार्यशाला संचालन गरेर | गाउँपालिका र शिक्षा समिति | |
| ४ | अन्तिम प्ररुप तयार | २०७६ साल पौषको तेस्रो हप्ता | विज्ञ व्यक्तिको सहयोगमा भाषा सम्मादन तथा अन्य गतिविधि संचालन गर्ने | गाउँपालिका र शिक्षा समिति | |
| ५ | कार्यपालिकामा पेश गर्ने | २०७६ साल पौष अन्तिम हप्ता | कार्यपालिकाको बैठकमा छलफल गरेर पास गर्ने | गाउँपालिका र शिक्षा समिति | |
| ६ | गाउँसभामा पेश गर्ने | २०७६ साल माघ पहिलो हप्ता | सभामा छलफल गरि पास गर्ने | गाउँपालिका र शिक्षा समिति | |

# १. बालविकास र शिक्षा

## १.१. परिचय

कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिले देखि नै रहेको भएता पनि २०५६ सालमा शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम सुरु गरे पछि नेपालमा सरकारी स्तरबाट बालविकास र शिक्षाको सुरुआत भएको हो । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००३ को पहिलो लक्ष्यमा राखिए पछि यसको बिस्तारमा व्यापकता आएको छ । नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाहरुको चौतर्फी विकासमा सघाउँदै उनिहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले संचालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर खजुरा गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षा लाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरु समावेस गरिएको छ ।

खजुरा गाउँपालिकामा हाल ६६ वटा बालविकास केन्द्रहरु संचालनमा रहेका छन् जसमध्ये ६६ वटा बालविकास केन्द्रहरु र संस्थागत विद्‌यालयमा २१ वटा पूर्व प्राथमिक कक्षा विद्यालयमा संचालन भइरहेका छन् । आगामी ५ वर्षमा पालिकाका भित्रका ३ र ४ वर्ष उमेर समुहका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गर्नका लागि बालविकास केन्द्रको यो संख्या अपर्याप्त रहेकोले नयाँ बालविकास केन्द्रहरु स्थापना गर्नु पर्ने देखिएको छ । अर्कोतिर हाल संचालनमा रहेका बालविकासकेन्द्रहरु प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ मा उल्लेखित मापदण्ड अनुसारका नभएको हुनाले तिनीहरुमा प्रशस्त सुधारका कार्यहरु पनि गर्नु पर्ने भएको छ । उक्त मापदण्डमा बालविकास केन्द्र बालबालिकाको घर बाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनु पर्ने कुरा पनि उल्लेख भएको हुनाले अब स्थापना गरिने बालविकास केन्द्रहरु सकेसम्म समुदायका सबै बालबालिकालाई पायक पर्ने स्थानमा स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ । त्यसैगरी हाल संचालनमा रहेका बालविकास केन्द्रहरु पनि सकेसम्म समुदायका धेरै बालबालिकाहरुको पायकमा पर्ने गरी समायोजन गरेर पहुँचको बिस्तार गर्नुपरेको छ ।अर्कोतिर बालबालिकाहरुको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गर्नको लागि बालविकास केन्द्रमा चाहिने धेरै सामग्रीहरुको पनि व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ । बालविकास केन्द्रलाई सिकाइको थलो बनाउन र बालबालिकाहरुको सिकाइ अनुभवलाई रमाइलो र अर्थपुर्ण बनाउनका लागि त्यहाँ कार्यरत सहयोगी कार्यकर्ताहरुलाई पनि समय सापेक्ष तालिमको आवश्यकता पर्दछ । त्यसैले भौतिक श्रोत साधनको व्यवस्था लगायत कार्यरत जनशक्तिको ज्ञान र सीपलाई पनि अद्यावधिक गराइ राख्ने कार्यक्रमहरु यस योजनामा समावेस गरिएका छन् ।

### १.२. उद्देश्यहरु

- तीन वर्ष सम्मको उमेर समुहका बालबालिका र गर्भमा रहेका बच्चाको समेत पोषण, सुरक्षा र विकासका लागि आमा बाबुहरुलाई सहयोग गर्ने ।
- चार वर्षको उमेर समुहका सबै बालबालिकाहरुलाई १ वर्षको बालविकास तथा शिक्षा कार्यक्रममा सहभागि गराउने ।
- बालविकास केन्द्रहरुलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउने ।

### १.३ रणनीति र कार्यक्रमहरु

- पालिकाको प्रत्येक वडाका पायक पर्ने दुई स्थानमा बालविकास केन्द्रको महत्व र आवश्यकता तथा त्यसमा अभिभावक र समुदायको जिम्मेवारीका विषयमा अभिभावकहरुका लागि सचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- प्रारम्भिक बालविकास केन्द्रमा उमेर समुहका सबै बालबालिकाहरुको पहुँच पुर्‍याउँदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सीप सिकेको सुनिश्चित गर्ने ।
- पालिकाभित्र रहेका विभिन्न जातजाति, धर्म र सम्प्रदायका मानिसहरुले परंपरागत रुपमा अपनाउँदै आएको बालबालिकाहरुको पालन पोषण र हेरचाह गर्ने तथा बृद्धि र विकासमा सहयोग गर्ने ज्ञान र सीपलाई खोज गरी आवश्यकता अनुसार बाल विकास कार्यक्रममा समाबेस गर्ने ।
- हाल संचालित बालविकास केन्द्रहरुको भौतिक अवस्था र भौगोलिक अवस्थितिका बारेमा सर्वेक्षण गर्ने र सुधारका क्षेत्रहरु पहिचान गर्ने तथा समायोजन र पुनर्स्थापना गर्नु पर्ने देखिएमा समायोजन र पुनर्स्थापना गर्ने ।

- हाल संचालनमा रहेका बालविकास केन्द्रहरुमा कक्षाकोठा वा बालविकास केन्द्र भवन नयाँ बनाउनु पर्ने अवस्था भएमा अभिभावकको श्रमदान र पालिकाको आर्थिक सहयोगमा निर्माण गर्ने ।
- बालविकास केन्द्रका बालबालिकाहरुका लागि दिवा खाजाको व्यवस्था अभिभावकको सहयोगमा गर्ने ।
- बालविकास केन्द्रको नक्सैकन गरी आवश्यकतानुसार बालविकास केन्द्रको विकास र विस्तार गर्ने
- नयाँ स्थापना हुने बालविकास केन्द्र भवन अभिभावकको सहयोग र श्रमदान परिचालन गरेर गाउँपालिकाले बनाउने ।
- नयाँ बालविकास केन्द्रका लागि सहयोगी कार्यकर्ताको नियुक्ति गर्ने र आधारभूत तालिम संचालन गर्ने ।
- सबै सहयोगी कार्यकर्ताहरुको लागि प्रारम्भिक साक्षरता र गणितको तालिम संचालन गर्ने ।
- सबै बालविकास केन्द्रहरुमा खानेपानी, शौचालय, सिकाइ सामग्री लगायत राष्ट्रिय न्युनतम मापदण्डमा उल्लेखित सुबिधाहरु उपलब्ध गराउने ।
- अपाङ्गता वा भौगोलिक विकटताका कारण बालविकास केन्द्रमा आउन नसक्ने ३ र ४ वर्ष उमेर समुहका बालबालिकाका अभिभावकका लागि नजिकको बालविकास केन्द्रले बालविकास र सिकाइ सहजिकरण तालिमको व्यवस्था गर्ने । त्यस्ता बालबालिकाका लागि घरमा सिकाइ सहयोगी सामग्री दिने व्यवस्था गर्ने ।
- सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगको लागि उचित व्यवस्था गर्ने ।
- शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गर्ने र बाल विकास सहयोगी कार्यकर्ता, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गर्ने ।
- प्रत्येक वडामा बालबालिकाको चौतर्फि विकास र मनोरन्जनको लागि एउटा बालउद्यान निर्माण गर्ने ।
- **प्रत्येक सामुदायिक विद्यालयमा नमुना बालविकास केन्द्र वा पूर्व प्राथमिक कक्षाको ब्यवस्था गर्ने**
- **कक्षा कोठामा श्रब्य दृश्य सामग्रीको ब्यवस्थापन गर्ने**

१.४. कार्यान्वयन तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | अभिभावक सचेतना कार्यक्रम | गाउँ शिक्षा समिति | सचेतना कार्यक्रमका लागि सम्बन्धित क्षेत्रका जानकार व्यक्तिहरुको संलग्नतामा अभिमुखिकरण पुस्तिका तयार गर्ने र प्रशिक्षक व्यवस्था गरी तालिम संचालन गर्ने । | ५ लाख | नियमित |
| २ | बालविकास केन्द्रको अवस्था अध्ययन | गाउँ शिक्षा समिति | हाल संचालित बालविकास केन्द्रहरुको भौगोलिक | ३ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अवस्थिति र त्यहाँको भौतिक सुबिधा लगायत संचालन गरिने क्रियाकलापहरुका बारेमा अध्ययन गर्न फाराम बनाई सबै केन्द्रमा सूचना संकलक पठाएर अध्ययन गर्ने । | | |
| ३ | पुराना बालविकास केन्द्र सुदृढिकरण कार्यक्रम | गाउँपालिका, बालविकास केन्द्र व्यवस्थापन समिति र अभिभावक | पहिचान भएका बालविकास केन्द्रमा अभिभावकको सहयोग र संलग्नतामा कक्षा कोठा निर्माण गर्ने, सिकाइ सामग्रीको व्यवस्था गर्ने र खाजाको व्यवस्था गर्ने । | १५ लाख | नियमित |
| ४ | नयाँ बालविकास केन्द्र स्थापना | गाउँपालिका | न्यूनतम मापदण्ड पूरा गरेपछिमात्र नयाँ बालविकास केन्द्र स्थापनाकालागि अनुमति दिने तथा पालिकाले नमुना बालविकास केन्द्र स्थापना गर्ने | ८० लाख | नियमित |
| ५ | सहयोगी कार्यकर्ता तालिम | गाउँपालिका | नयाँ नियुक्त भएका सहयोगी कार्यकर्ताहरुका लागि विज्ञको सहयोगमा १६ दिनको तालिम प्याकेज र कार्यतालिका तयार गर्ने र तालिम संचालन गर्ने । | ५० लाख | नियमित |
| ६ | नयाँ बालविकास केन्द्र भवन र शौचालय निर्माण | गाउँपालिका, बालविकास केन्द्र र व्यवस्थापन समिति र अभिभावक | अभिभावकको सहयोगमा सम्बन्धित स्थानमा जग्गा उपलब्ध गर्ने, गाउँपालिका र अभिभावकको साझेदारीको मोडल तयार गर्ने र बालविकास केन्द्र व्यवस्थापन समितिको सक्रीयतामा निर्माण गर्ने । यसमा श्रमदानको नमुना विकास गर्ने । | १५ लाख | नियमित |
| ७ | बालविकास केन्द्रमा उपस्थित हुन नसक्ने बालबालिकालाई सहयोग | गाउँपालिका, बालविकास केन्द्र | पहिचान भएका बालबालिकाका अभिभावकलाई सम्बन्धित वडाको कुनै बालविकास केन्द्रमा १ दिने अभीमुखीकरण गर्ने र केही सिकाइ सामग्री वितरण गर्ने । | १ लाख | नियमित |
| ८ | प्रारम्भिक साक्षरता, गणितीय तालिम र | गाउँ शिक्षा समिति | गाउँपालिका भित्रका सबै बालविकास सहयोगी | ४ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | सामग्री सहयोग | | कार्यकर्ताहरुलाई साक्षरता र गणितीय सीप विकास सम्बन्धी तालिम संचालन गर्ने र सबै बालविकास केन्द्रहरुलाई आवश्यक सामग्रीहरु वितरण गर्ने । | | |
| ९ | नमुना बालविकास केन्द्र स्थापना गर्ने | गाउँपालिका र विद्यालय वा बाविके | प्रत्येक विद्यालयमा र समुदाय स्तरमा नमुना बालविकास केन्द्र स्थापना गर्ने | ५० लाख | नियमित |
| १० | प्रारम्भिक सिकाइ र विकासको मापदण्ड निर्धारण गर्ने | गाउँपालिका | बालबालिकाको चौतर्फी विकासका लागि मापदण्ड तोकी सोही अनुसार सिकाइ भए नभएको मूल्याङ्कन गर्ने | १५ लाख | नियमित |
| ११ | बालविकास केन्द्रका लागि न्यूनतम मापदण्डले तोकेका सामग्री र बाहिरी तथा भित्री खेल सामग्रीको ब्यवस्था | गाउँपालिका | प्रत्येक बालबिकास केन्द्रमा न्यूनतम मापदण्ड वमोजिमका सामग्री ब्यवस्थापन गर्ने | २ करोड | नियमित |

## २. आधारभूत शिक्षा

### २.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरे पछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपुर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तरगत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । यूनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरुले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । यसैगरी पाकिस्तानमा एउटा साक्षर व्यक्तिको ज्याला निरक्षरका भन्दा २३ प्रतिसत बढि भएको र नेपालमा प्राथमिक शिक्षा पाएको एक जना किसानले माटो संरक्षणका उपायहरु अरुको भन्दा राम्रोसँग अपनाएको तथ्य पनि उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ । आधारभूत तहको शिक्षाको यस्तो महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्धरुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि खजुरा गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेस गरेको छ ।

खजुरा पालिकाभित्र हाल सामुदायिक तर्फ बालविकास केन्द्र देखि कक्षा १- ३, कक्षा १-५ र कक्षा १-८ संचालन भएका आधारभूत विद्यालयहरुको संख्या १६ वटा रहेको छ । यस तहमा जम्मा ८८७६ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । यी विद्यालयहरुमा आधारभूत तर्फ प्रावि १५६ दरबन्दी निमावि तर्फ ४० दरबन्दी र पालिका तर्फ अनुदान शिक्षक प्राविमा १९ जना निमावि तर्फ १२जना गरी गरी जम्मा २२७ जना शिक्षकहरु कार्यरत रहेका छन् । आधारभूत तहमा जम्मा २२७ जना शिक्षकहरु कक्षा १ देखि ८ जनासम्म अध्यापनरत रहेको देखिन्छ । यसरी कक्षा १-८ संचालन भएका १९ वटा आधारभूत विद्यालयहरुमा स्थायीर राहत शिक्षक दरबन्दी जम्मा ५२ जना कार्यरत छन । यस गाउँपालिकाको विद्यालयगत विद्यार्थी र शिक्षक संख्या क्रमस: अनुसूचि १ र २ मा दिइएको छ ।

२.२ उद्देश्यहरु

- खजुरा गाउँपालिका भित्रका ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने ।
- आधारभूत तहको शिक्षालाई निशुल्क, अनिवार्य, गुणस्तरीय र समावेसी बनाउने ।
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरुले कक्षा ८ सम्मको शिक्षा अनिवार्य रुपमा पुरा गर्ने कुराको सुनिश्चितता गर्ने ।

२.३ रणनीति र कार्यक्रमहरु

- हाल संचालनमा रहेका १६ वटा सामुदायिक विद्यालयहरुको पुनर्संरचना र समायोजन गर्ने र ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकाको पहुँचमा आधारभूत शिक्षा पुऱ्याउने ।
- गाउँपालिकाभित्र रहेका ५-१२ वर्ष उमेर समुहकाअति विपन्न, सहाराबिहिन अनाथ र अपाङ्ग बालबालिकाहरुको लागि आधारभूत शिक्षाको व्यवस्था गर्ने ।
- ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने अभियान संचालन गर्ने र भर्ना भएकाहरुले कक्षा ८ पुरा नगरी विद्यालय छोडेमा त्यसको जानकारी सम्बन्धित विद्यालयले गाउँ शिक्षा समितिलाई तुरुन्त दिने । गाउँ शिक्षा समितिले विद्यालय छोड्नुपर्ने कारण पत्ता लगाई गाउँपालिकाको सहयोगमा समाधानका उपायहरु खोजेर पुन: विद्यालय भर्ना गराउने वा उमेर अनुसार व्यवसायिक सीप सिकाउने व्यवस्था मिलाई रोजगारीमा जान वा स्वरोजगार हुन सहयोग गर्ने ।
- अभिभावकहरुसँगको सरसल्लाह र सहयोग तथा गाउँपालिको सहकार्यमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुले दिवाखाजा खाने व्यवस्था गर्ने ।
- कक्षा १-३ वा १-५ संचालन भएका तर बालबालिकाहरुको संख्या थोरै भएर कक्षामा विद्यार्थी कम रहेका विद्यालयहरुको पहिचान गरी वहुकक्षा विद्यालय बनाउने ।
- विद्यालयहरुमा बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ का प्रावधानहरु लागु गराउने व्यवस्था गर्ने ।
- विद्यालय व्यवस्थापन समितिहरुलाई सकृय बनाई ' गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुमा न्युनतम सक्षमताको अवस्था २०६९ ' मा उल्लेखित प्रावधानहरुको कार्यान्वयन गर्न प्रोत्साहन र सहयोग गर्ने ।
- प्रचलित ऐन र नियमावली बमोजिम प्रत्येक विद्यालयका व्यवस्थापन समितिहरुलाई विद्यालयका शिक्षकहरुमध्येबाट एकजनालाई ५ वर्षको कार्यकाल तोकी प्रधानाध्यापक नियुक्ति गर्न लगाउने र निजसँग विद्यालय विकासको कार्ययोजना लिई ५ वर्षको कार्यसम्झौता गर्ने ।
- विद्यालयका प्रधानाध्यापकहरुले विद्यालय व्यवस्थापन समितिहरुसँग गरेको कार्य सम्झौता नगरपालिकामा पेश गर्न लगाउने र उक्त सम्झौतामा उल्लेख भएका विद्यालय विकास र सिकाइ अभिबृद्धिका काममा भएको प्रगतिबारे समय समयमा नगरपालिकाले अनुगमन गरी सल्लाह, सुझाव र निर्देशन दिने ।

- प्रत्येक विद्यालयका प्रधानाध्यापकले विद्यार्थीको सिकाइका लागि प्रत्येक शिक्षकलाई जिम्मेवार बनाउन कार्य सम्झौता गर्ने व्यवस्था मिलाउने ।
- सबै विद्यालयले आ-आफ्नो परिवेश र आवश्यकता अनुसार स्थानीय बुद्धिजिबी, अभिभावक र विद्यालय व्यवस्थापनका पदाधिकारीहरुको सरसल्लाहमा स्थानीय पाठ्यक्रम बनाई लागु गर्ने । यसमा स्थानीय कला, संस्कृति, सीप र प्रविधिलाई प्राथमिकतामा राख्ने । यस कार्यमा नगरपालिकाले सहयोग र सहजीकरण गर्ने ।
- नेपाली वाहेक अन्य मातृभाषा भएका बालबालिकाहरुलाई आफ्नो घरमा बोलिने भाषामै विद्यालयमा शिक्षा दिने वा मातृभाषा मार्फत शिक्षा दिने व्यवस्था गर्ने ।
- हाल अंग्रेजी भाषा प्रति अभिभावकहरुको मोह बढिरहेकोले विद्यालयहरुमा बालविकास केन्द्र देखि नै अंग्रेजी सुनाइ र बोलाइ सीपको विकास गर्नका लागि सहयोगी कार्यकर्ता र शिक्षकलाई तालिमको व्यवस्था गर्ने र गाउँपालिकाका सबै विद्यालयहरुको अंग्रेजी भाषा शिक्षणमा सुधार गर्ने योजना र कार्यक्रम बनाउने ।
- गाउँ शिक्षा समितिले नगर भित्रका सबै सामुदायिक विद्यालयहरुमा लागु हुने गरी स्थानीय विदा समेत तोकेर शैक्षिक पात्रो बनाउने र उक्त पात्रोमा बिदा भनी तोकिएका दिनहरु बाहेक अन्य दिन विद्यालय बन्द गर्ने प्रधानाध्यापक र शिक्षकलाई नियमानुसार कारवाही गर्ने ।
- आधारभूत शिक्षाको गुणस्तर कायम गर्नको लागि प्रत्येक शिक्षकले पाठ्यक्रमका आधारमा वार्षिक शैक्षणिक योजना बनाई शिक्षण गर्ने र प्रधानाध्यापकले सो को समय समयमा अनुगमन गर्ने व्यवस्था मिलाउने ।
- प्रत्येक विद्यार्थीको कार्यसंचयिका फायल राखेर निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अनुसार सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने र विद्यार्थीहरुलाई पर्याप्त उपचारात्मक सहयोग पुऱ्याउने व्यवस्था मिलाउने । विद्यालयहरुमा त्रैमासिक परीक्षाको नाममा तयारी बिदा, रिजल्ट निकाल्ने वा १/२ घण्टा जाँच लिएर बिदा गर्ने परिपाटी तुरुन्त बन्द गर्ने ।
- गाउँपालिकाभित्रका सबै विद्यालयका शिक्षकहरुको पेशागत विकासका लगि तालिम संचालन गर्न र समय समयमा कक्षा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्न गाउँ शिक्षा शाखा प्रमुखको संयोजनकत्वमा एउटा समिति गठन गर्ने ।
- गाउँपालिकाभित्रका ५-१२ वर्ष उमेर समुहका बालबालिकाका आमाबाबु वा अभिभावकहरुलाई आधारभूत शिक्षाको महत्व र अभिभावकको भूमिका र कर्तव्य विषयमा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिका भित्र बसोबास गर्ने सबै नागरिकका लागि आधारभूत तहको शिक्षा अनिवार्य गर्ने । यसका लागि विद्यालय उमेर समुहका बालबालिकाहरुका अभिभावकका लागि आवश्यकता अनुसार सचेतना कार्यक्रम र विभिन्न किसिमका सहयोगका कार्यक्रम संचालन गर्ने र अटेर गर्नेलाई दण्ड सजायको व्यवस्था समेत गर्ने ।
- गाउँको शिक्षा नीति, ऐन कानुन, शिक्षा योजना र शैक्षिक पात्रो अनुसार विद्यालयहरु संचालन भए नभएको निरीक्षण अनुगमन गर्न र गाउँपालिकाको विद्यालय शिक्षाको गुणस्तर मापन गरी प्रत्येक वर्ष गाउँपालिकामा प्रतिवेदन पेश गर्ने गरी एउटा शैक्षिक गुणस्तर परिक्षण समिति बनाउने ।
- विद्यालय शिक्षालाई वैज्ञानिक, व्यवहारिक, सीपयुक्त र उत्पादनमुखी बनाउनुका साथै सिकाइ अनुभवलाई अर्थपुर्ण र रमाइलो बनाउनका लागि वर्तमान पाठ्यक्रममा रहेका विषयवस्तुलाई विद्यार्थीको अनुभव र स्थानीय वातावरणसँग मेल गराउने कार्यक्रमहरु संचालन गर्ने ।
- सबै विद्यालयहरूमा शिक्षाको गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ ।

- गुणस्तरीय  शिक्षा सम्वन्धी सुचकहरू तयार गर्ने र सोही अनुसार पालिकाले मापदण्ड तोकी नमूना विद्यालयको विकास गर्ने ।
- कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू संचालन गर्ने ।
- समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लो कक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सृजना गर्ने ।
- सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोहि विद्यालयमा टिउसन पढाउन नपाउने नीति गाउँपालिकाले कडाइका साथ अवलम्वन गर्ने ।
- विद्यालयमा सबै पक्षको सभागिता सुनिश्चित (स्वास्थ्य, प्रहरी, शिक्षा, महिला विकास, गाउँप्रतिनिधि, बालप्रतिनिधि, आदि) गरेर शिक्षा विकास समिति गठन गर्ने ।
- अभिभावकहरूद्वारा (पालैपालो गरेर) नै बालबालिकाहरूलाई आफ्ना अनुभवहरूको बारेमा ज्ञान दिने किसिमका अभिमूखिकरण क्रियाकलापहरू संचालन गर्न लगाउने ।
- शिक्षकहरूको नियमितताामा जोड दिने र यसको लागि आवश्यक संयन्त्र तथा कार्यक्रमको ब्यवस्था गरिनेछ ।
- गुणस्तरीय शिक्षक, गुणस्तरीय वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामग्रीको विद्यालयले सुनिश्चित गर्ने ।
- शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गर्ने र त्यसमा शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चित गर्ने ।
- तालिममा सिकेको विषयवस्तुहरूको बारेमा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गर्ने र त्यसको अभिलेख विद्यालयले व्यवस्थापन गर्ने ।
- विद्यार्थीहरूको नियमितताामा (मेरो साथी खोई अभियान) जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने ।
- विद्यार्थीहरूको संख्या बढी भएको कक्षाकोठामा नयाँ प्रविधि (एलसिडि) माध्यमद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू  संचालन गर्ने ।
- शिक्षक दरबन्दि नभएको विद्यालयमा सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई स्वयम सेवकको रुपमा पढाउन व्यवस्था मिलाउने ।
- बढी उपस्थित हुने विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने ।
- प्रत्येक हप्ता शिक्षकले, तीन महिना विद्यालयस्तरीय र छ महिनामा गाउँस्तरीय मूल्यांकन प्रणाली लागु गर्ने । अन्तर विद्यालय उत्तरपुस्तिका जाँच गर्ने नीति अवलम्वन गर्ने (एक विद्यालयका शिक्षकले अर्को विद्यालयको उत्तरपुस्तिका जाँच गर्ने) ।
- निरन्तर मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्न शिक्षक दरवन्दि मिलान, विद्यालय समायोजन, तह समायोजन, आदि गरेर कार्यान्वयन गर्ने ।
- कक्षा १ देखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धीको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्वन गर्ने ।
- कक्षागत सिकाइ उपलब्धीको मापदण्ड निर्माण गरी लागू गर्ने ।
- विद्यालयको श्रो भौतिक पूर्वाधार र अन्य स्रोतसाधनको ख्याल नगरी कक्षा थप र नयाँ अनुमति माग गर्ने विद्यालयहरूलाई अनुमति वा स्वीकृति नदिने नीति लागु गर्ने ।
- हरेक विद्यालयमा विषयगत शिक्षक भए नभएको बारेमा विश्लेषण गरी अनिवार्यरुपमा विषय शिक्षकको व्यवस्था गर्ने ।
- तालिम प्राप्त शिक्षकले कक्षाकोठामा सिकेको ज्ञान, सीप प्रयोग गरे नगरेको बारेमा एकिन गर्ने ।

- कमजोर तथा सहयोगको आवश्यकता भएको विद्यालयमा भौतिक तथा शैक्षिक क्रियाकलापहरू विस्तार गर्न सबैको सहमति कायम गर्ने ।
- विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधिहरूद्वारा निश्चित मापदण्ड तयार गरेर अनुगमनलाई प्रभावकारीरुपमा संचालन गर्ने ।
- जनप्रतिनिधी ,शिक्षक तथा कर्मचारीका छोराछोरी सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्ने
- शिक्षामा वार्षिक गाउँपालिकाले कुल बजेटको २५ प्रतिशत शिक्षा बजेट विनियोजन गर्नेछ ।
- सामुदायिक विद्यालयको सेवाक्षेत्र निर्धारण गरी विद्यार्थी भर्नाको ब्यवस्थापन गर्ने
-
- आवधिक प्रधानाध्यापकको ब्यवस्थापन गर्ने र शिक्षकको आवधिक सरुवा ब्यवस्थापन गर्ने
- विद्यालयको र कक्षा शिक्षणको अनुगमन तथा निरीक्षण गर्ने र प्रतिवेदन यथाशिघ्र कार्यान्वय गर्ने
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रभावकारी बनाउने
- सिकाइको माध्यम भाषा अंग्रेजी प्रयोग गर्नको लागि शिक्षक क्षमता विकास गराउने ।
- विद्यालयमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गर्ने एक विद्यालय एक नर्स ब्यवस्था गर्ने
- पूर्व प्राथमिक कक्षा देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गर्ने
- स्रोत कक्षा भएका विद्यालयका सबै शिक्षकलाई सांकेतिक भाषामा विषयगत तालिम दिनु पर्ने
-

२.४ कार्यान्वयन तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | विद्यालय | गाउँपालिका/गाउँ | सबै विद्यालयको स्थलगत | ५ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुनर्संरचना र समायोजन | शिक्षा समिति | अनुगमन गरी कुन विद्यालय कति कक्षा सम्म चलाउन उपयुक्त हुन्छ भन्ने कुराको निक्यौंल गर्ने र विद्यालय समायोजन कार्यविधि अनुसार गाभ्नु पर्ने देखिएका विद्यालय गाभ्ने । यसरी विद्यालय गाभिएर खाली भएका भवनलाई समुदायको आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्र, बाल विकास केन्द्र, व्यवसायिक सीप प्रशिक्षण केन्द्र, संग्रहालय वा पुस्तकालय यस्तै कुनै सामुदायिक कामका लागि प्रयोग गर्ने । | | |
| २ | सबैका लागि शिक्षाको सुनिश्चतता | गाउँपालिका/गाउँ शिक्षा समिति | गाउँभित्रका अति विपन्न, सहाराविहिन अनाथ र अपाङ्गको तथ्याङ्क संकलन गर्ने र उनिहरुलाई विद्यालयमा भर्ना हुन सहयोग गर्ने कार्यक्रम बनाउने । | १० लाख | नियमित |
| ३ | विद्यालय भर्ना र टिकाउ | गाउँ पालिका/गाउँ शिक्षा समिति, विद्यालय | समुदायका ५-१२ वर्ष उमेर समुहका सबै बालबालाकालाई विद्यालयमा भर्ना गराउने अभियान संचालन गर्ने र विद्यालय छाड्ने कारण पत्ता लगाई पुन: विद्यालयमा आउन सहयोग गर्ने । | १० लाख | निरन्तर |
| ४ | खाजा व्यवस्थापन टिफिन बट्टा उपलब्ध गराउने | विद्यालय व्यवस्थापन समिति /अभिभावक | वि.व्य.स. ले अभिभावकहरुको भेला गरी प्रत्येक बालबालिकाका लागि दिवा खाजाको व्यवस्था गर्न विभिन्न विकल्पहरुमा छलफल गर्ने र उपयुक्त विकल्प लागु गर्ने । यसमा विद्यालय र कक्षा शिक्षकले सहजिकरण गर्ने । | ३० लाख | नियमित |
| ५ | दरबन्दी मिलान गरी कक्षागत र विषयगत शिक्षकको ब्यवस्था गर्न | गाउँ शिक्षा समिति/गाउँपालिका | पालिकाभित्र अवस्थित विद्यालयमा मौज्दात दरबन्दी वमोजिम विद्यार्थी संख्या र कक्षाअनुसार दरबन्दी मिलान गर्ने नपुग दरबन्दी पालिकाले उपलब्ध गराउने वा संघमा दरबन्दी थपका लागि समन्वय गर्ने | ५ लाख | नियमित |
| ६ | न्युनतम सक्षमता र बालमैत्री विद्यालय बनाउने र इन्टरनेटकनेङ्कटीमिटी सहित प्रविधियुक्त कक्षाकोठा पुस्तकालय | गाउँपालिका/विव्यस/विद्यालय | गाउँपालिकाले प्रत्येक विद्यालयलाई न्युनतम सक्षमताको अवस्था कायम गर्ने र विद्यालय वातावरणलाई बालमैत्री बनाउन प्रोत्साहन र सहयोग गर्ने । | १ करोड | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ल्याव विज्ञान प्रयोगशाला आदिको ब्यवस्था गर्ने | | | | |
| ७ | प्रधानाध्यापक व्यवस्थापन र प्र अ भत्ता थप ब्यवस्था गर्ने | गाउँपालिका/वि.व्य.स. | गाउँपालिकाले प्रत्येक वि.व्य.स.लाई विद्यालयका शिक्षकहरु मध्येबाट नियमानुसार एकजना शिक्षकलाई प्रधानाध्यापक नियुक्त गरी गुणस्तरीय शिक्षाका लागि कार्य सम्झौता गर्ने र प्रधानाध्यापकले शिक्षकसँग त्यस्तै कार्यसम्झौता गर्न लागाउने । | ५० लाख | नियमित |
| ८ | स्थानीय पाठ्यक्रम निर्माण | गाउँपालिका/विव्यस/ विद्यालय | प्रत्येक विद्यालयले स्थानीय बुद्धिजिवी र अभिभावकको बैठक बोलाई आफ्नो गाउँ ठाउँको स्थानीय आवश्यकता, परम्परागत सीप, इतिहास, सँस्कृति आदि विषयमा स्थानीय पाठ्यक्रम बनाउन विषयवस्तु छनोट गर्ने र शिक्षकहरु सम्मिलित समिति बनाई पाठ्यक्रम तयार गर्ने । | ३० लाख | नियमित |
| ९ | शैक्षिक पात्रो निर्माण | गाउँपालिका र विद्यालय | विद्यालयहरुको स्थानीय विदा, विद्यालय खुल्ने दिन, परीक्षा आदि उल्लेख गरी शैक्षिक पात्रो बनाउने र कडाइका साथ पालना गर्ने गराउने । | ५ लाख | नियमित |
| १० | विद्यालय सुपरिवेक्षण | विद्यालय सुपरिवेक्षण समिति, गाउँ शिक्षा शाखा प्रमुख | गाउँ शिक्षा शाखा प्रमुखको संयोजकत्वमा विद्यालय सुपरिवेक्षण समिति गठन गर्ने र समितिले सुपरिकेक्षण योजना बनाई कम्तिमा महिनाको दुई पटक विद्यालयहरुको सुपरिवेक्षण गर्ने । यस क्रममा समय समयमा विभिन्न विषयगत विज्ञहरुद्वारा कक्षा अवलोकन र पृष्ठपोषणको पनि व्यवस्था मिलाउने । | १५ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | शिक्षक पेशागत सहयोग कार्यक्रम | गाउँपालिका र गाउँ शिक्षा समिति | गाउँ शिक्षा शाखा प्रमुखको अध्यक्षतामा समिति गठन गरी शिक्षकहरुको कक्षा सुपरिवेक्षण गर्ने र मागको आधारमा वडामा तालिम संचालन गर्ने । | १० लाख | प्रत्येक वर्ष शैक्षिक सत्र सुरु हुनु भन्दा अघि |
| १२ | अभिभावक शिक्षा र सचेतिकरण | गाउँपालिका र गाउँ शिक्षा समिति/ विद्यालय व्यवस्थापन | आधारभूत शिक्षाको आवश्यकता र महत्व विषयमा अभिमुखिकरण पुस्तिका तयार गरी प्रत्येक | १५ लाख | प्रत्येक वर्ष शैक्षिक सत्र सुरु हुनु |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम | समिति | विद्यालयमा कार्यक्रम संचालन गर्ने । | | भन्दा अघि |
| १३ | गुणस्तर परिक्षण कार्यक्रम | गाउँपालिका र गाउँ शिक्षा समिति/ | गाउँ पालिकाले स्थानीय बुद्धिजिबी, शिक्षाविद्,शिक्षक, गाउँपालिकाका पदाधिकारीहरु आदिको संलग्नतामा गाउँपालिकाका विद्यालयहरुको अनुगमन निरीक्षण र शैक्षिक गुणस्तर परिक्षण गर्न समिति गठन गर्ने र सो समितिले तोकिएको जिम्मेवारी पुरा गरी गाउँपालिकामा वार्षिक प्रतिवेदन पेश गर्ने । | १५ लाख | नियमित |
| १४ | मातृभाषामा शिक्षा | विद्यालय | गाउँरपालिकाभित्रका वडा नं. ५ ६ ७ र ८ मा अवधि मातृभाषा बोल्ने विद्यार्थीहरुका लागि सम्बन्धित विद्यालयका शिक्षकलाई वहुभाषा शिक्षणको तालिम प्रदान गर्ने र विद्यालयमा अवधि विद्यार्थीलाई अवधि भाषामा वा अवधि भाषा मार्फत पढाउने व्यवस्था गर्ने । | १० लाख | नियमित |
| १४ | शिक्षालाई वैज्ञानिक, व्यवहारिक, सीपमुलक र उत्पादनमुखी बनाउने । | गाउँ पालिका, विद्यालय | विद्यालय शिक्षालाई वैज्ञानिक, व्यवहारिक, सीपमुलक र उत्पादनमुखी बनाउनका लागि निम्न बमोजिमका कार्यकलापहरु संचालन गर्ने :<br>क) पाठ्यक्रमका विषयवस्तुलाई स्थानीय वातावरण र परिवेशसँग मेल खाने गरी शिक्षण गर्ने व्यवस्था गर्ने ।<br>ख) वियषवस्तुलाई प्रयोगात्मक र व्यवहारिक रुपमा प्रश्तुत गर्नका लागि विद्यालय र शिक्षकहरुलाई आवश्यक भौतिक र प्रशिक्षण सहयोग तथा सेवा प्रदान गर्ने ।<br>ग) स्थानीय कृषि उत्पादन, पेसा व्यवसाय, प्राकृतिक श्रोत साधन आदिको बारेमा जानकारी दिने सामग्री विकास गर्ने ।<br>घ) विद्यालयमा दैनिक जीवनोपयोगी सीप सिकाउने व्यवस्था मिलाउने ।<br>ङ) कक्षा १ देखिन नै हस्तकलाको सीप सिकाउने अभ्यास गराउने र माथिल्लो कक्षामा उत्पादनमुलक | १५ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अन्य क्रियाकलापहरु संचालन गर्ने | | |
| १५ | विद्यालय कर्मचारीहरुको न्यूनतम पारिश्रमिक भएकोले थप पारिश्रमिकको ब्यवस्था गर्ने | गाउँपालिका र विद्यालय | ४४ जना विद्यालय कर्मचारीलाई थप पारिश्रमिकको ब्यवस्था गर्ने | ५० लाख | नियमित |
| १६ | नमुना विद्यालय स्थापना गर्ने | गाउँपालिका र विद्यालय | सबै विद्यालयहरुलाई नमुना विद्यालय बनाउनको लागि भौतिक र सिकाइ उपलब्धिलाई सुधार गर्न मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने र भूगोललारंइ पनि आधार बनाइ मापदण्ड निर्धारण गर्ने | १ करोड पचास लाख | नियमित |
| १७ | विद्यालयमा वाचम्यानको ब्यवस्था गर्ने | गाउँपालिका र विद्यालय | प्रत्येक विद्यालयमा पालिका र विद्यालयको साझेदारीमा वाचम्यानको ब्यवस्था गर्ने | ५० लाख | नियमित |
| १८ | खेलकुद र अतिरिक्त क्रियाकलापका लागि शिक्षकको ब्यवस्था गर्ने | गाउँपालिका र विद्यालय | प्रत्येक विद्यालयमा एक जना खेलक शिक्षकको ब्यवस्थापन गर्ने | ३० लाख | नियमित |
| १९ | कम्प्यूटर शिक्षाको तालिमको ब्यवस्था गर्ने | गाउँपालिका र विद्यालय | सबै शिक्षकलाई कम्प्यूटर शिक्षाको हार्डवेयर र सफ्टवेर न्यूनतम प्याकेज निर्माण गरी तालिम दिने | २५ लाख | नियमित |
| २० | वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण गर्ने | गाउँपालिका र विद्यालय | स्वसिकाइ ब्यवस्थापन गरी ज्ञान र सीपको क्षेत्र बढाउनका लागि वैकल्पिक प्रणालीको अवलम्बन गर्न प्राथमिकता दिने | ४० लाख | नियमित |
| २१ | धार्मिक विद्यालय मदरसालाई स्तरोन्नति गरी ब्यवस्थापन पक्षमा सुधार ल्याउने | गाउँपालिका र मदरसा | १७ वटा मदरसाको ब्यवस्थापन पक्षमा सुधार गर्दै आवश्यकतानुसार स्तरोन्नती गर्नमा प्राथमिकता दिने | ५० लाख | नियमित |
| २२ | मुस्तलिम र अवधि भाषी समुदायका लागि बालिका विद्यालय स्थापना गर्ने | गाउँपालिका र विद्यालय | वडा नं ५ ६ ७ र ८ मा बालिका विद्यालय स्थापना गर्न प्राथमिकता दिने | ४० लाख | नियमित |
| २३ | क्लीन ग्रिन सेफ र पिस विद्यालय | गाउँपालिका र विद्यालय | गुणस्तरीय शिक्षाका लागि बालबालिकाहरुलाई स्वस्थ राख्ने | ५० लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | बनाउने | | विद्यालय वातारण सफा गर्ने भौतिक र मनोबैज्ञानिक रुपमा सुरक्षित गने साथै विद्यालय शान्तिक्षेत्र कायम गर्ने गराउने | | |
| २४ | अतिरिक्त क्रियाकलाप मार्फत प्रतिभा खोजी कार्यक्रम | गाउँपालिका र विद्यालय | प्रत्येक तहगतरुपमा बालबालिकाहरुको विधागत र विषयत प्रतिभा पहिचान गर्ने | ५० लाख | निनमित |
| २५ | पालिकालाई पूर्ण साक्षर बनाउने | गाउँपालिका र विद्यालय सासिके | पूर्ण साक्षरता घोषणा गर्नका लागि वैकल्पिक कार्यक्रम सञ्चालन गरी नवसाक्षरलाई साक्षर र कार्यमूलक शिक्षा दिने | २० लाख | नियमित |
| २६ | आधारभूत निशुल्क तथा अनिवार्य शिक्षा लागू गर्ने | गाउँपालिका तथा विद्यालय | विद्यालयले पूर्णरुपमा निशुलक शिक्षा दिने र सो कालगि विद्यालय सञ्चालन खर्च पानी विजुली परीक्षा आदि जस्ता खर्च पालिकावाट उपलब्ध गराउने र अनिवार्य आधारभूत शिक्षा लिने कानुनी ब्यवस्था लागू गर्ने | २ करोड | नियमित |
| २७ | कक्षाकोठा सबलीकरण | गाउँपालिका र विद्यालय | प्रत्येक वर्ष तोकिएको मापदण्ड वमोजिम कक्षाकोठा सवलीकरण गर्ने | ४० लाख | नियमित |
| २८ | आधारभूत तहको परीक्षा ब्यवस्थापन | गाउँपालिका र विद्यालय | आधारभूत तहको परीक्षा सञ्चालन र ब्यवस्थापन गर्ने | ६० लाख | नियमित |
| ३० | कक्षा ५ को स्तरमापन परीक्षा सञ्चालन | गाउँपलिका र विद्यालय | प्रतयेक वर्ष कक्षा ५ को स्तरमापन परीक्षा सञ्चालन गर्ने | ८ लाख | निममित |
| ३१ | कक्षा १ देखि ३ सम्म गुणस्तर परीक्षण गर्ने | गाउँपालिका र विद्यालय | हरेक वर्ष कक्षा १ देखि ३ को गुणस्तर परीक्षण गर्ने | १० लाख | नियमित |
| ३२ | विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | गाउँपालिका र विद्यालय | करिव १००० जना बालबालिकालाई ओपचारिक वा अनौपचारिक प्रणालीबाट विद्यालय शिक्षामा प्रवेश गराउने | १० लाख | नियममित |
| ३३ | न्यून दरबन्दी भएका वा विद्यार्थी धेरै भएका विद्यालयलाई शिक्षक अनुदान | गाउँपालिका र विद्यालय | आधारभूत विद्यालयमा न्यून दरबन्दी भएका वा विद्यार्थृ धेरै भएका विद्यलायलाई नियमित शिक्षक अनुदान दिने | २ करोड ५० लाख | नियमति |
| ३४ | शैक्षिक भ्रमण अनुभव आदान प्रदान | गाउँपालिका र विद्यालय | आधारभूत र माध्यमिक तहको गुणस्तर र ब्यवस्थापन पक्षमा सुधारका लागि शैक्षिक भ्रमण गर्ने | १५ लाख | नियमित |
| ३५ | खेलकुद विद्यालय | गाउँपालिका | खेलकुदलाई पेशागत विकास गर्नकालागि खेलकुद विद्यालय | १ करोड | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थापना | | स्थापना गर्ने | | |
| ३६ | छात्रा विद्यालय स्थापना | गाउँपालिका र विद्यालय | मधेशी र मुस्लिम तथा अन्यका लागि छात्रा विद्यालयको स्थापना गर्ने | ८० लाख | नियमित |

## ३. माध्यमिक शिक्षा

### ३.१ परिचय

अनिवार्य आधारभूत शिक्षा अन्तरगत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनउपयोगी, उत्पादनमुलक, प्रविधियुक्त र व्यवहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यवसायिक सीप हासिल गरेर भविश्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । प्राविधिक र व्यवसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरुलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सीपले पनि सजिलो बनाउन सक्दछ । यसरी विद्यार्थीहरुलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्स पनि विद्यालयले प्रदान गर्नुपर्दछ । यिनै कुराहरुलाई ध्यानमा राखेर खजार गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमुलक, निशुल्क, बालमैत्री, र समावेसी गराउने नीति लिएको छ।

### ३.२ उद्देश्य

- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई सीपमुलक र प्रविधियुक्त गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।
- माध्यमिक शिक्षालाई समावेसी, बालमैत्री र निशुल्क बनाउन ।

### ३.३ रणनीति र कार्यक्रमहरु

- माध्यमिक तहको शिक्षण सिकाइ क्रियाकलापमा समालोचनात्मकता, रचनात्मकता, सिर्जनसिलता र उत्पादनसिलतालाई जोड दिने ।
- हाल संचालनमा रहेका १० वटा माध्यमिक विद्यालयहरुमा दैनिक जीवनमा आवश्यक पर्ने र पेसागत तथा व्यवसायिक सीप विकासका लागि कार्यशालाको स्थापना गर्ने ।
- विद्यालयमा स्थानीय कला, संस्कृति, इतिहास र रहनसहन तथा आफ्नो नगरपालिका, जिल्ला , देश र विश्वको परिचय दिने खालका सामग्री र फोटोहरु संकलन गरी संग्रहालय, पुस्तकालय र प्रयोगशालाको निर्माण गर्ने ।
- माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई विभिन्न पेशागत क्षेत्र तथा भावी जीवनको पेशाका विषयमा परामर्स दिने ।
- स्थानीयस्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरूको सूची तयार गरी विद्यालयले स्थानीय श्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने ।
- विद्यालयका शिक्षकहरूलाई अनिवार्यरुपमा कम्प्युटर किन्न अभिप्रेरित गर्ने र त्यसको लागि नगरपालिकाले सुरुमा निश्चित समयको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने ।

- अन्तर गाउँपालिका भित्रका नमूना विद्यालयहरूमा शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाउने ।
- विद्यार्थीहरुमा उद्यमसिलता र व्यवसायिकताको विकास गर्न गाउँपालिकाले एउटा उद्यम र व्यावसायिक कोषको व्यवस्था गर्ने ।
- बालबालिकाहरूलाई समुदायस्तरमा परियोजना कार्यको माध्यमद्वारा अध्ययन गर्ने वातावरण निर्माण गर्ने ।
- कक्षागत क्रियाकलापहरू संचालन गर्दा व्यवहारको माध्यमद्वारा प्रयोगात्मक, प्रर्दशन, चित्र, भिजिवल डकुमेन्ट्रीको माध्यामद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू संचालन गर्ने । (जस्तैः भात पकाउँदा विज्ञानका कुन कुन नियमहरूको प्रयोग हुन्छ, शक्ति, वाष्प, सुचालक र कुचालक आदि) ।

- आवश्यकताको आधारमा प्राविधिक र व्यावसायिक सीपमुलक रोजगारीमुलक विद्यालयहरूको स्थापना गर्ने वा अन्य पालिकाहरूसँग समन्वय गर्ने ।
- स्थानीयस्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाव्यता अध्ययन गरी सीप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने ।
- विद्यालस्तरका अतिरिक्त क्रियाकलापहरू समुदायस्तरमा संचालन गर्ने र अभिभावकहरूको सहभागिता सुनिश्चत गर्ने ।
- सबै विद्यालयमा इमेल इन्टरनेटको सेवा उपलब्ध गर्ने ।
- छोटो अवधिको प्राविधिक सीप सम्वन्धी तालिम केन्द्रहरू संचालन गर्ने ।
- हरेक शिक्षकको आफ्नै ल्यापटप हुनेछ र त्यसको प्रयोग शिक्षण सिकाइ क्रियाकलापमा हुने सुनिस्चितता गर्ने ।
- नमुना विद्‍यालयका गतिविधिहरु अन्य सामुदायिक विद्‍यालयमा अभिमुखीकरण गराउने र सहकार्यको वातावरण निर्माण गर्ने

३.४ कार्यान्वयन तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | सिकाइलाई व्यवहारिक बनाउने | विद्यालय, शिक्षक | प्रत्येक विषयमा विद्यार्थीको सिकाइलाई व्यवहारिक र जीवनोपयोगी बनाउनका लागि मा.वि. शिक्षकहरुको विभिन्न विषयगत समितिहरु बनाएर गोष्ठी, कार्यशाला, तालिम आदि संचालन गर्ने । | ५ लाख | नियमित |
| २ | विद्यालयको मर्मत सम्भार र रंगरोगन गर्ने | गाउँपालिका र विद्यालय | तोकेको मापदण्ड वमोजिम पँहेलो रंग रोगन प्रत्येक विद्यालयलाई गर्ने र जीर्ण भवनलाई मर्मत सम्भार गर्ने | १ करोड | नियमित |
| ३ | संग्रहालय, पुस्तकालय र प्रयोगशाला बनाउने । | गाउँपालिका, विव्यस र विद्यालय | प्रत्येक माध्यमिक विद्यालयमा एउटा संग्रहालय, पुस्तकालय र प्रयोगशाला बनाउनका लागि गाउँपालिकाले विद्यालयहरुलाई सहयोग गर्ने । यसको लागि | ५ करोड | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | श्रोत साधन र सरसल्लाहका लागि विद्यालयले स्थानीय बुद्धिजिबी, अभिभावक र गाउँपालिकाका पदाधिकारीहरुको बैठक बोलाई छलफल गर्ने । विदेशमा काम गर्नेहरुलाई विद्यालयका लागि उपहार ल्याउन प्रोत्साहन गर्ने । | | |
| ४ | परामर्स सेवा र कोचिङ्ग र मेन्टोरिङ्ग गर्ने | विद्यालय / शिक्षक | माध्यमिक तहका विद्यार्थीहरुलाई दैनिक जीवनका व्यवहारिक समस्या र तिनको समाधानका विषयमा शिक्षक वा समुदायका अन्य अनुभवी व्यक्तिले आफ्नो अनुभवजन्य परामर्स समय समयमा दिने व्यवस्था मिलाउने । यसका साथै विद्यार्थीको रुचि र क्षमतालाई विचार गरेर अध्ययन गर्ने विषय तथा भावी जीवनको पेसा छनोटमा पनि सल्लाह दिने व्यवस्था मिलाउने । | १० लाख | नियमित |
| ५ | प्रत्येक माध्यमिक विद्यालय र आधारभूत विद्यालयको वेभसाइट निर्माण गर्ने | गाउँपालिका र विद्यालय | विद्यालयको भौतिक आर्थिक शैक्षिक र अन्य गतिविधलाई वेभ वेसमा अभिलेखीकरण गरी सुशासन कायम गर्ने | ९५ लाख | नियमित |
| ६ | अध्यक्ष कप | गाउँपालिका र विद्यालय | प्रत्येक तहगतरुपमा खेलकुद प्रतियोगिता वार्षिकरुपमा सञ्चालन गर्ने | ५० लाख | नियममित |
| ७ | शैक्षिक महोत्सव गर्ने | गाउँपालिका र विद्यालय | तहगतरुपमा विभिन्न विधामा प्रतियोगितात्मक महोत्सव सञ्चालन गर्ने | २० लाख | नियमित |
| ८ | दरबन्दी न्यून भएका वा विद्यार्थी संख्या बढी भएका विद्यालयलाई शिक्षक अनुदान | गाउँपालिका र विद्यालय | दरबन्दी न्यून भएका वा विद्यार्थी संख्या बढी भएका विद्यालयलाई शिक्षक अनुदान | ३ करोड | नियमित |
| ९ | सबै विद्यालयमा इन्टरनेटको पहूँचको सुनिश्चितता गर्ने र कम्प्यूटर प्रोजेक्टर वाइफाइ इ लर्निङ्गको वातावरण तयार गर्ने | गाउँपालिका र विद्यालय | सबै विद्यालयमा इलर्निङ्गबाट सिक्ने सिकाउने वातावरण तयार गरी भर्चुअलकक्षाको समेत ब्यवस्थापन गर्ने | १ करोड | नियमित |
| 10 | विद्यालय क्षेत्र विकास कार्यक्रम | संघ | सबै आधारभूत विद्यालय र माध्यमिक विद्यालय | ११० करोड | नियमित |

## ४. प्राविधिक र व्यवसायिक शिक्षा

### ४.१ परिचय

शिक्षाले गरिखाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए गुनासो अहिले सर्वत्र सुनिन गरेको छ । यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गरिरहेको छ । तर प्राविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सिमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केहि गर्न पुँजि लगायत अन्य अवरोधहरु रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन थालेका छन् । अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेशा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरुमा पेसा, व्यवसाय र प्रविधि प्रति रुचि जगाएर नरम सीपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्ता व्यक्तिहरुका लागि गाउँपालिकाले रोजगारमुलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो ।

### ४.२ उद्देश्य

- विद्यालय शिक्षाबाट बाहिर आएका, आउन सक्ने र व्यवसायिक तथा प्राविधिक शिक्षामा रहर भएका किशोर किशोरी तथा युवा युवतिहरुलाई रोजगार तथा स्वरोजगार हुन सहयोग गर्ने छोटो तथा लामो अवधिको व्यवसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्ने ।

### ४.३ रणनीति र कार्यक्रम

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, सानोठिमी भक्तपुरसँग समन्वय गरेर गाउँपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- गाउँपालिकाका बेरोजगार युवाहरुलाई समय समयमा स्थानीय तहमा उपलब्ध भएका तथा बाहिरबाट बोलाइएका श्रोतव्यक्तिबाट रोजगार परामर्स दिने व्यवस्था गर्ने ।
- स्थानीय स्तरमा स्वरोजगार हुन चाहनेहरुलाई पुँजि व्यवस्था तथा अन्य काममा सहयोग गर्ने ।

### ४.४ कार्यान्वयन तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | वहुप्राविधिक शिक्षालयको स्थापना | गाउँपालिका | गाउँपालिकाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र भक्तपुरसँग समन्वय गरेर अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा गाउँपालिका भित्र विभिन्न व्यवससायिक र प्राविधिक विषयको तालिम दिने संस्थाको स्थापना गर्ने । | १ करोड | नियमित |
| २ | रोजगार परामर्स सेवा | गाउँपालिका | स्थानीय बुद्धिजिबी, उद्योगी व्यवसायी र पेसाकर्मीहरुको सहयोग र समन्वयमा स्थानीय र | २ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बाहिरका श्रोतव्यक्तिहरुबाट गाउँपालिका भित्रका रोजगारी तथा स्वरोजगारीका क्षेत्रहरुको पहिचान गर्ने तथा स्थानीय युवाहरुलाई सो बारे जानकारी र परामर्स दिने । | | |
| ३ | स्वरोजगार प्रबर्द्धन कार्यक्रम | गाउँपालिका | व्यवसायिक रुपमा तालिम प्राप्त र स्वरोजगार हुन चाहने युवाहरुलाई विभिन्न बैंक र वित्तीय संस्थाहरु मार्फत ऋण सहयोग उपलब्ध गराउन र अन्य सहयोगका लागि आवश्यक वातावरण निर्माण र सहजिकरण गर्ने । | ८ लाख | नियमित |
| ४ | प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा फरक फरक प्राविधिक तथा ब्यवसायिक धारको विद्यालय स्थापना गर्ने | गाउँपालिका विद्यालय | प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा फरक फरक धारको प्राविधिक तथा ब्यवसायिक धारको विद्यालय स्थापना गर्न प्रोत्साहन गरी पूर्वाधार निर्माण गर्ने | ३ करोड | नियमित |
| ५ | सिक्दै कमाउदै | गाउँपालिका र विद्यालय | प्राविधिक र ब्यावसायिक धारका बालबालिकाहरुले सिक्दै कमाउदै गर्नका लागि सहयोग गर्ने | २० लाख | नियमित |
| ६ | नमुना कक्षा कोठा ब्यवस्थापन र शिक्षक तालिम तथा अभिभावकसँग सिकाइ उपलब्धीको बारेमा अन्तरक्रिया र अनुगमन आचार संहिता | गाउँपालिका विद्यालय र प्लान इ ने र स्याक | प्राविधिक र ब्यवसायिक धार सञ्चालन भएका विद्यालयमा नमुना कक्षाकोठा ब्यवस्थापनका लागि सहयोग | १५ लाख | नियमित |

## ५. अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा

### ५.१ परिचय

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रकृयाका रुपमा लिने गरिन्छ । मानिसहरु औपचारिक, अनौपचारिक र अरितिक पद्धतिको माध्यमबाट जीवनजगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरु हासिल गर्दछन् र केहि न केहि नयाँ कुराहरुको सिकाइ पनि भइनै रहेको हुन्छ । तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा संचालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बन्चित भएका मानिसहरु 'उमेरमा पढ्न पाइएन' भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरुमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा सकृयतापुर्वक संलग्न रहन पाइन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै खजुरा गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ ।

विगतमा हाम्रो देशमा जिल्ला शिक्षा कार्यालयहरु मार्फत अनौपचारिक शिक्षा अन्तरगत धेरै साक्षरता कक्षाहरु संचालन गरिए । साक्षरताका सघन कार्यक्रमहरु मार्फत पालिकाहरुलाई साक्षर घोषणा गर्ने अभियान पनि संचालन गरियो । यस अनुसार धेरै पालिकाहरुलाई साक्षर पालिका घोषणा पनि गरिएको छ ।तर यस प्रकारका घोषणाहरु केवल घोषणाका लागि घोषणा मात्रै गरिएको र वास्तवमा साक्षरतामा हासिल हुनु पर्ने उपलब्धि हासिल नभएको भनी आलोचना पनि हुने गरेको छ । साक्षर घोषणा गरिएका कैयौं पालिकामा धेरै मानिसहरु निरक्षर रहेको प्रमाण सहितका समाचारहरु संचार माध्यमहरुमा पनि आएका छन् । यसबाट अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम संचालनको परिपाटीमा केही परिवर्तन गर्नु पर्ने हो कि भन्ने पनि देखिन्छ । यिनै कुराहरुलाई विचार गरेर अव स्थानीय सरकारबाट संचालन हुने साक्षरता अभियानलाई परिणाममुखि बनाउनु परेको छ ।

जीवनपर्यन्त शिक्षाको महत्व मानिसहरुलाई बुझाउनका लागि साक्षरताका सीपहरुलाई दैनिक जीवनका क्रियाकलापहरुसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धित व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धेरै प्रकारका पेशा व्यवसाय संचालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा बृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने कुराप्रति मानिसहरुलाई विश्वस्त गराउनका लागि स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरुको निर्माण गरी सिकारुका अनुभवहरुलाई उपयोग गर्ने रणनीति अपनाउने हो भने जीवन पर्यन्त सिकाइलाइ सफलतापुर्वक संचालन गर्न सकिन्छ ।

### ५.२ उद्देश्य

- गाउँपालिका भित्रका सबै प्रौढहरुलाई आगामी २ वर्ष भित्र पूर्ण साक्षर बनाउने ।
- नवसाक्षरहरुलाई साक्षरता सीपको प्रयोग गर्ने वातावरण तयार गर्ने र समुदायमा सबै व्यक्तिहरुलाई जीवनपर्यन्त सिकाइका अवसरहरु उपलब्ध गराउने ।

### ५.३ रणनीति र कार्यक्रमहरु

- गाउँपालिका भित्रका शिक्षक र कक्षा ९ भन्दा माथिका विद्यार्थीहरु परिचालन गरी निरक्षर व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने ।
- निरक्षर व्यक्तिहरुको तथ्याङ्कको आधारमा साक्षरता कक्षाका लागि सहयोगी कार्यकर्ता छनौट गरी कक्षा संचालन गर्ने व्यवस्था गर्ने ।

- स्थानीय पेशा व्यवसाय,
- हाल पालिका भित्र संचालनमा रहेका ४ वटा सामुदायिक सिकाइ केन्द्रहरुलाई भौतिक रुपमा सुदृढ बनाउने ।
- प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्र पर्ने गरी थप ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु स्थापना गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरुलाई अन्य कुराहरुका अतिरिक्त सामुदायिक पुस्तकालयको रुपमा विकसित गर्ने ।
- स्थानीय कला, संस्कृति, लोक गाथा, परंपरा, इतिहास र पुरातात्विक महत्वका स्थान र मठ मन्दिर सम्बन्धमा जानकारी राख्ने स्थानीय व्यक्तिहरुबाट सो सम्बन्धी सामग्री लेख्न लगाई त्यसको प्रकाशन गर्ने र त्यस्ता सामग्रीहरु गाउँपालिका भित्रका सामुदायिक सिकाइ केन्द्र र विद्यालयका पुस्तकालयहरुमा राख्ने व्यवस्था गर्ने तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा त्यस्ता सामग्रीको प्रयोग गर्ने ।
- स्थानीय स्तरमा परंपरागत रुपमा प्रचलित कला कौशल र विभिन्न क्षेत्रका ज्ञान सीप जान्ने मानिसहरुको सहयोगमा त्यस विषयका सामग्रीहरु तयार गर्न लगाउने र प्रयोग गर्ने ।
- खुला विद्‌यालय तथा वैकल्पिक विद्‌यालय स्थापना गरी निरन्तर शिक्षालाई जोड दिने

५.४ कार्यान्वयन तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | निरक्षरताको तथाङ्क संकलन गर्ने | गाउँ शिक्षा समिति, विद्यालय, शिक्षक | गाउँ भित्रका निरक्षर व्यक्तिहरुको तथ्याङ्क संकलन गर्नको लागि विद्यालयले कक्षा ९ भन्दा माथिका विद्यार्थीहरुलाई परियोजना कार्य दिई पठाउने र निश्चित फाराममा तथ्यांक संकलन गर्न लगाउने । | ५ लाख | २०७७ भित्र |
| २ | साक्षरता कक्षा संचालन गर्ने | गाउँ शिक्षा समिति | तथ्याङ्कको आधारमा संचालन गरिनुपर्ने कक्षा संख्या र स्थानको पहिचान गरी कक्षा संचालनको लागि सहयोगी कार्यकर्ता छनोट गर्ने र तालिम दिई कक्षा संचालन गर्न लगाउने । | २० लाख | २०७७ र २०७८ |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढिकरण | गाउँपालिका | हाल संचालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई भौतिक रुपमा सुबिधा सम्पन्न बनाउन भवन निर्माण तथा फर्निचर र पुस्तक खरिद गर्ने । | २५ लाख | २०७७ देखि २०८१ |
| ४ | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना | गाउँपालिका | प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्र हुने गरी हाल नभएका वडामा नयाँ सामुदायिक सिकाइ केन्द्रका लागि भवनको व्यवस्था गर्ने, फर्निचर र पुस्तक खरिद गर्ने र नयाँ | ४० लाख | २०७७ मा २ र २०७८ मा २ केन्द्र स्थापना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सहयोगी कार्यकर्ताको नियुक्ति गर्ने । | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई पुस्तकालय र सिकाइको थलोको विकास गर्ने | गाउँपालिका, सामुदायिक सिकाइ केन्द्र | सामुदायिक सिकाइ केन्द्रहरुले समुदायको सिकाइ आवश्यकता पुरा गर्न र सामुदायिक पुस्तकालयको रुपमा काम गर्न सक्षम बनाउनका लागि सबै उमेर समुह र पेसा, व्यवसायका व्यक्तिहरुका लागि आवश्यक पर्ने पुस्तक खरिद गर्ने । | ८ लाख | २०७७ र २०७८ |
| ६ | गाउँपालिकाका सबै वडामा एउटा बालउद्यानको निर्माण गर्ने । | गाउँपालिका | गाउँपालिकाका सबै वडामा बाल उद्यानका लागि आवश्यक जग्गाको व्यवस्था स्थानिय समुदायको सहयोगमा गर्ने ।<br>जग्गा प्राप्ति पछि बालबालिकाको चौतर्फि विकासमा सहयोग पुग्ने गरी बालउद्यानमा सामग्रिहरुको व्यवस्था गर्ने ।<br>बालउद्यानको समुचित प्रयोग, रेखदेख, सरसफाइ र मर्मतका लागि एक जना सहयोगीको व्यवस्था गर्ने । | १ करोड | २०७७देखि २०८१सम्म |
| ७ | स्थानीय स्तरमा सिकाइ सामग्रीको निर्माण | गाउँपालिका | स्थानीय कला सँस्कृति र ज्ञान सीपका जानकार व्यक्तिहरुको सूचि तयार गर्ने र उनिहरुले जानेका कुराहरुलाई लिपिबद्ध गर्नका लागि स्थानीय शिक्षक वा पढेलेखेका अन्य व्यक्तिहरुलाई जिम्मेवारी दिएर सामग्री निर्माण गर्न लगाउने । | १० लाख | |

## ६. उच्च शिक्षा

### ६.१ परिचय

माध्यमिक तहको शिक्षा पुरा गरेपछि रुचि र क्षमताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको संख्या पनि बढ्दै गइरहेको छ । देशले विविध क्षेत्रमा उन्नति हासिल गर्नको लागि उच्चस्तरीय दक्ष जनशक्तिको महत्वपुर्ण भूमिका रहेको हुन्छ । उच्च शिक्षा विशिष्टिकृत हुने भएकोले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन् जसबाट देश र समाजले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ ।

उच्च शिक्षा क्षेत्रमा ज्ञानोदय बहमुखी पब्लिक क्याम्पस, खजुरा खजुरा क्याम्पस र कृषि क्याम्पस सन्तकुटी गरी ३ वटा क्याम्पस अवस्थित छन भने प्रादेशिक विश्वविद्यालयको आगामी आर्थिक वर्षमा स्थापनाका लागि बजेट ब्यवस्थापन भएकोले उच्च शिक्षाको शैक्षिक हवको रुपमा पहिचान राख्न खजुरा गाउँपालिकालाई अवसर प्राप्त भएको छ ।

उच्च शिक्षा अध्ययन गर्नका लागि मधेशी मुस्लिम विपन्न तथा गरिव सीमान्तकृत दलित आदिलाई उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहन स्वरुव छात्रवृत्तिको ब्यवस्था गरिनेछ ।

## ७. संस्थागत विद्यालय

### ७.१ परिचय

नेपालमा हाल सामुदायिक भनिने सरकारी लगानीमा संचालित र संस्थागत भनिने निजि लगानिमा संचालित गरी दुई प्रकारका विद्यालयहरु रहेका छन् । यस गाउँपालिका भित्र निजि क्षेत्रका २० वटा विद्यालयहरुले चालु खर्चतर्फ वार्षिक रु १२,८७,०००.००बजेट खर्चहुने देखिन्छ भने पुजिंगत तर्फ गरिब ३०करोडको लगानि भएको पाइन्छ । उक्त लगानी अनुसार गुणस्तरीय शिक्षाका लागि नियमन गर्ने र न्यूनतम मापदण्ड तोकी उपलब्ध सुविधाको आधारमा संस्थागत विद्यालयको वर्गीकरण गरी शुल्क निर्धारण गर्ने र गरिव तथा जेहेन्दार बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराउने गरी जिम्मेवार बनाइनेछ ।

सरकारको सार्वजनिक निजि साझेदारीको नीति अनुसार शिक्षा क्षेत्रमा सामाजिक उत्तरदायित्व निर्वाहा गर्नका असल अभ्यासको लागि सहकार्य र समन्वय गरिनेछ । नेपाल सरकारका न्यूनतम मापदण्ड र निर्देशनहरु पालना गर्न लगाइनेछ साथै नियमित विद्यालय अनुगमन तथा निरीक्षण गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति गराइनेछ ।

### ७.२ उद्देश्य

- निजी विद्यालयलाई प्रचलित ऐन र नियमावली बमोजिम नियमन गरी सेवामुखी बनाउने ।

### ७.३ रणनीति र कार्यक्रम

- निजी विद्यालयहरुका भवन, कक्षाकोठा, फर्निचर आदि भौतिक सुबिधाहरुको मापदण्ड तोकी बालमैत्री बनाउन लगाउने ।
- निजी विद्यालयहरुमा नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम लागु गराउने र प्राथमिक तहको कक्षा १-३ मा लागु गरिएको एकिकृत पाठ्यक्रमको सिद्धान्त विपरित अनावश्यक विषयहरु राखी विद्यार्थीहरुलाई बोझ बनाउन नदिने ।
- निजी विद्यालयहरुमा पढाइ हुने पाठ्यपुस्तकहरु अनिवार्य रुपमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको हुनु पर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने ।
- तोकिएको संख्यामा गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई निजी विद्यालयहरुले छात्रबृत्ति प्रदान गर्नुपर्ने व्यवस्थालाई लागु गराउने ।
- गुणस्तरीय शिक्षाका लागि एउटा संस्थागत विद्यालयले कुनै एउटा सामुदायिक विद्यालयसँग सहकार्य गर्नुपर्ने नीति लागु गराउने ।
- निजी विद्यालयहरूको गुणस्तर मापन गरी सेवामुलक बनाउन उनीहरूलाई निश्चित छात्रवृत्ति (कम्तिमा १० प्रतिशत) कोटा निर्धारण गरी कार्यान्वयन गराउने । साथै कार्यान्वयन भए नभएको बारेमा अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।
- संस्थागत विद्यालयहरुको संलग्नतामा सामुदायिक- संस्थागत विद्यालय साझेदारीको नमुना तयार गरी लागु गराउने ।

### ७.४ कार्यान्वयन तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | निजी विद्यालयको भौतिक सुबिधाको | गाउँ शिक्षा समिति | गाउँ शिक्षा समितिले संस्थागत विद्यालयहरुको भौतिक | १ लाख | २०७८भित्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | मापदण्ड तोक्ने | | सुबिधाको न्युनतम मापदण्ड बनाई लागु गर्ने । | | |
| २ | पाठ्यक्रम लागु गराउने | गाउँ शिक्षा समिति | सरकारी पाठ्यक्रम लागु गरे नगरेको अनुगमन गरी पाठ्यक्रम लागु गराउने । पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक मात्र लागु गराउने । | ५ लाख | निमयित |
| ३ | छात्रबृत्ति | गाउँ शिक्षा समिति | संस्थागत विद्यालयहरुमा पढ्ने गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई विद्यालयले तोकिएको संख्यामा अनुवार्य छात्रबृत्ति दिने व्यवस्था लागु गराउने । | ५ लाख | नियमित |
| ४ | संस्थागत सामुदायिक साझेदारी | गाउँ शिक्षा समिति | संस्थागत विद्यालयहरुले गुणस्तरीय शिक्षा प्रदान गर्न अपनाएका तरिका र रणनीति सम्बन्धमा सामुदायिक विद्यालयसँग अनुभव आदान प्रदान गरी साझेदारी गर्ने कार्यक्रम संचालन गर्ने । | ५ लाख | नियमित |
| ५ | साझेदारीको नमुना तयार गर्ने | गाउँ शिक्षा समित, संस्थागत विद्यालयका प्रतिनिधि | संस्थागत र सामुदायिक विद्यालयहरुले कुन कुन क्षेत्रमा साझेदारी गर्न सक्दछन् भन्ने विषयमा छलफल गरी सहयोगका क्षेत्रहरुको पहिचान गर्ने र साझेदारीको नमुना तयार गरी लागु गर्ने । | २ लाख | नियमित |
| ६ | विद्यालय नक्साङ्कन र समायोजन | गाउँपालिका | संस्थागत विद्यालयहरुको नक्साङ्कन गरी आवश्यकता अनुसार विद्यालयहरुलाई एक आपसमा गाभिन प्रोत्साहन गरिने छ । | २ लाख | नियमित |

## ८. विद्यालय स्वास्थ्य पोषण तथा सरसफाइ कार्यक्रम

### ८. १ परिचय

स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ प्रचलित रहेको छ । बालबालिकाहरु स्वस्थ नभए सम्म उनिहरुले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् भन्ने कुरा त सर्वसाधारण अभिभावकहरुलाई पनि जानकारी भएको विषय हो । त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, खाजा, सफा शौचालयको व्यवस्था गर्नु पर्दछ भने यी सबै काममा विद्यालयलाई सघाउनु अभिभावकहरुको कर्तव्य हुन आउँछ । अहिले बालबालिकाहरुमा बजारमा पाइने पाकेटमा राखिएका चाउचाउ, बिस्कुट जस्ता खाद्यपदार्थ र विभिन्न ब्राण्डका पेय पदार्थहरु खाने बानि नै बसिसकेको छ । यस्ता पदार्थहरु स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि भएको समाचार र संदेश विभिन्न विभिन्न संचार माध्यमहरुमा समय समयमा प्रकाशित भएको पाइन्छ ।

त्यसैले यस विषयलाई गंभिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य पोषण र सरसफाइ सम्बन्धी कार्यक्रमहरु संचालन गर्नु पर्दछ ।

८.२ उद्देश्य

- विद्यालय जाने उमेरका सबै बालबालिकाहरुलाई स्वस्थ रहन सहयोग गर्ने ।
- बालबालिकाहरुमा पोषणयुक्त खाना खान बानीको बिकास गर्ने ।

८.३ रणनीति र कार्यक्रमहरु

- स्वास्थ्य र पोषणबारे अभिभावकहरुका लागि सचेतना कार्यक्रम गर्ने ।
- विद्यालयमा स्थानीय उत्पादनबाट तयार गरिएको पौष्टिक खाजाको व्यवस्था गर्नका लागि अभिभावकहरुलाई सघाउने ।
- विद्यालयमा स्थानीय विषयको रुपमा वा स्वास्थ्य विषयमा जोडेर पोषण शिक्षालाई प्राथमिकताका साथ अध्यापन गराउने ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमले तयार गरको विद्यार्थी हाजिरी कापीको अनिवार्य रुपमा सबै विद्यालयले प्रयोग गर्ने र त्यसमा उल्लेखित विषयमा विश्लेषण गरी अभिभावकलाई समय समयमा जानकारी गराउने ।
- विद्यालयले प्रत्येक ३ महिनामा सबै विद्यार्थीको तौल र उचाईं मापन गर्ने र कुनै गंभिर लक्षण भए तत्काल र सामान्य अवस्थामा वर्षको एक पटक अभिभावकलाई जानकारी गराउने ।
- स्थानीय स्वास्थ्य संस्थासँग सहकार्य गरेर प्रत्येक ३ महिनामा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गराउने ।
- छात्र र छात्राहरूको लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था गर्ने । पिसाव गर्ने स्थान बेग्लै निर्माण गर्ने ।
- विद्यालयले वर्षको २ पटक अनिवार्यरुपमा सम्वन्धीत स्वास्थ्य चौकीको समन्वयमा बालबालिकाहरूको स्वास्थ्य परीक्षण (नाक, कान, घाँटी) गर्ने र जुकाको औषधी खाएको सुनिश्चत गर्ने ।
- विद्यार्थीहरूको व्यक्तिगत सरसफाई (नङ काट्ने, कपाल कोर्ने, पोशाक सरसफाई) र विद्यालयस्तरीय सरसफाई सम्वन्धी क्रियाकलाप संचालन गर्ने ।
- गाउँपालिकाका सबै विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने । हरेक विद्यार्थीहरूद्वारा नै शौचालय सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गर्ने ।
- प्रत्येक बालबालिकाहरुलाई महिनावारी चक्रका लागि प्रति महिना १६ वटा स्यानीटरी प्याड उपलब्ध गराउने
- विद्यालय हाता र कक्षाकोठा नियमित सरसफाइको नियमित ब्यवस्था गर्ने
- शुद्धिकरण गरेको पानीको ब्यवस्था प्रत्येक विद्यालयमा गर्ने
-

८.४ कार्यान्वयन तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य र पोषणबारे अभिभावक सचेतना कार्यक्रम | गाउँ शिक्षा समिति | स्वास्थ्य र पोषणका सम्बन्धमा जानकार व्यक्तिबाट अभिभावकलाई | ४ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रत्येक विद्यालयमा जानकारी गराउने । | | |
| २ | विद्यालयमा पोषण शिक्षा संचालन | विद्यालय | विद्यालयका सबै विद्यार्थीलाई पोषणयुक्त खाना खाने बानि र पोषणयुक्त खानाका श्रोतहरुबारे शिक्षण गर्ने । पाकेटमा बन्द खाना र पेय पदार्थले गर्ने हानीका सम्बन्धमा त्यसको लत लाग्नबाट बच्ने विषयमा पनि विषयवस्तु राखेर शिक्षण गर्ने । | ५लाख | नियमित |
| ३ | विद्यालयमा विद्यार्थीको स्वास्थ्यको रेकर्ड राख्ने | विद्यालय | प्रत्येक ३ महिनामा एक पटक विद्यालयले विद्यार्थीहरुको उचाईं र तौल लिने तथा त्यसबीचमा केहि रोग लागेको भए सोको विवरण समेत रेकर्ड बनाएर राख्ने र अभिभावकलाई जानकारी दिने । | १ लाख | नियमित |
| ४ | स्वास्थ्य परिक्षण | विद्यालय | प्रत्येक विद्यालयले आफ्नो नजिकको स्वास्थ्य संस्थासँग समन्वय गरेर प्रत्येक ३ महिनामा एक पटक विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गर्ने र सो को रेकर्ड राखी अभिभावकहरुलाई दिने । | १० लाख | नियमित |
| ५ | स्यानीटर प्याड वितरण गर्ने | गाउँपालिका र विद्यालय | प्रत्येक महिना कक्षा ५ देखि १२ कक्षाका ज्ञात्रालाई प्याड उपलब्ध गराउने | १ करोड २५ लाख | नियमित |
| 6 | विद्यालयमा शुद्ध पिउने पानीके ब्यवस्था | गाउँपालिका र विद्यालय | प्रत्येक विद्यालयमा शुद्ध फिल्टर पानी उपलब्ध गराउने | १ करोड | नियमित |
| ७ | एक वडा एक नर्स कार्यक्रम | गाउँपालिका र विद्यालय | विद्यालय संख्याको आधारमा कम्तिमा एक वडा एक नर्स ब्यवस्थापन गर्ने | एक करोड ५० लाख | नियमित |

## ९. सुरक्षित विद्यालय

बालबालिकाहरुले आफ्नो घर परिवार तथा विद्यालयमा कुनै पनि प्रकारको शारीरिक तथा मानसिक हिंसा र तनावबाट मुक्त भई आत्म सम्मानका साथ बाँच्न र सिक्न पाउनु उनिहरुको नैसर्गिक अधिकार हो । प्रत्येक अभिभावक र विद्यालयका शिक्षकहरु यस विषयमा सधैं सचेत र सतर्क रहनु आवश्यक पर्दछ । अहिलेको अवस्थामा धेरैजसो विद्यालयमा बालबालिकाहरुको सिकाइ रुचिपुर्ण, रमाइलो र सम्मानजनक हुन नसकेको गुनासो सुनिने गरेको पाइन्छ । समय समयमा संचालन गरिएका शिक्षक तालिमहरुमा दण्डरहित शिक्षण र सकारात्मकअनुशासनका विषयमा शिक्षकहरुलाई प्रशिक्षित गरिएको भए पनि अझै पनि विद्यालयहरुमा

विद्यार्थीहरुलाई शारीरिक र मानसिक दण्ड दिइएका समाचारहरु पनि आइरहेका छन् ।अर्कोतिर शारीरिक दण्ड दिने प्रचलन कम भए पनि शिक्षकहरुले विद्यार्थीको अनुशासनमा वेवास्ता गरेको गुनासो पनि सुनिन थालेको छ । यस परिप्रेक्षमा विद्यालयलाई पुर्णरुपमा बालमैत्री बनाएर विद्यार्थीहरुलाई सुरक्षित र सम्मानपुर्वक सिक्ने वातावरण निर्माण गर्नका लागि तपसिलाका विभिन्न क्रियाकलापहरु संचालन गरिने छन् । लागू पदार्थ र दुर्ब्यसनीबाट बच्न र बचाउनको लागि सचेतना कार्यक्रम तत्समबन्धी निकायमा समन्वय गरी सञ्चालन गर्ने ब्यवस्था गरिनेछ ।

- प्रत्येक वडा तथा विद्यालयस्तरमा  बाल समुहहरुको गठन गर्ने र उनीहरूलाई स्थानीय तह तथा विद्यालयस्तरीय क्रियाकलापहरूमा अनिवार्य सहभागिता गराउने व्यवस्था मिलाउने ।
- . प्रत्येक विद्यालयमा बालसुरक्षा सम्वन्धी प्रहरीद्वारा कक्षा लिन लगाउने ।
- कुनै पनि बालबालिकाहरूलाई विद्यालय तथा घरमा मानसिक तथा शारीरिक यातना दिन नहुने विषयमा सचेतनामूलक क्रियाकलापहरू संचालन गर्ने ।
- विद्यायलयको गुणस्तर कायम गर्न नगरक्षेत्र भित्रका सबै राजनैतिक दलहरूबाट राजनैतिक हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने र शैक्षिक क्षेत्रमा राजनैतिक दलका क्रियाकलापहरूको प्रभाव नपार्ने र यसको लागि साझा सहमति निर्माण गर्ने
- गुनासो सुनुवाई संयन्त्र कार्यविधिलाई कडाईका साथ लागू गर्ने ।
- विद्यालयको बालसंरक्षण पद्धतिलाई वडा स्तरको संयन्त्रसँग आवद्ध गरि सक्रिय बनाउने ।
- हरेक विद्यालयमा दण्डरहित शिक्षण सिकाइ क्रियाकलापहरूलाई कडाइका साथ अवलम्वन गर्ने र सकारात्मक अनुशासनका विधि र प्रक्रिया लागू गर्न प्रोत्साहन गर्ने ।
- गाउँका हरेक विद्यालयहरूमा विपद् जोखिम न्यूनिकरण योजना निर्माण गर्ने र यस्ता विषयवस्तुहरू विद्यालय सुधार योजनामा समावेश गर्न अनिवार्य गर्ने ।
- हरेक विद्यालयका बालबालिकाहरूलाई भुकम्पबाट जोगिने उपायहरूको बारेमा पूर्व अभ्यास र वास्तविक अभ्यास गर्न हरेक विद्यालमा श्रोत शिक्षकको व्यवस्थापन गर्ने ।
- विपद् जोखिम व्यवस्थापन तथा न्यूनिकरण सम्वन्धी नगरस्तरीय योजना निर्माण गर्ने ।
- विपद् प्रभावित, विस्थापित परिवार तथा बालबालिकाहरूको पुर्नस्थापन गर्न तथा तत्काल अस्थायी पढाइ केन्द्र मार्फत बालबालिकाहरूको पढाइलाई निरन्तर गर्ने ।

## ९. विविध

विद्यालय शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउन यसका धेरै पक्षमा सुधारका कामहरु गर्नु जरुरी रहेको छ । शिक्षासँग समाजका धेरै पक्षहरु सम्बन्धित हुने भएकोले ति सबै पक्षहरुमा सुधारका कामहरु नगरिकन शिक्षामा गुणस्तर ल्याउन सकिदैन । यस योजनाको माथि ७ वटा परिच्छेदहरुमा उल्लेखित बाहेक तपसिलका पक्षहरुमा पनि काम गर्नु आवश्यक रहेको देखिएको छ ।

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | समय अवधि |
|---|---|---|---|---|---|
| १ | गाउँ शिक्षा समिति कोष स्थापना गर्ने | गाउँपालिका | गाउँपालिकाले विभिन्न श्रोतको पहिचान गरी एउटा गाउँ शिक्षा समिति कोष बनाउने र त्यस कोषमा जम्मा भएको रकमबाट दलित, अपांग, अति गरिब र साहाराबिहिन बालबालिकाहरुको | ५ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | शिक्षामा लगानी गर्ने कार्यविधि बनाई लागु गर्ने । साहाराविहिनहरुको लागि आवश्यकता अनुसार आवासीय विद्यालय बनाउने र अपांग विद्यार्थीलाई जिल्लाभित्र वा अन्य जिल्लामा शिक्षा हासिल गर्न पठाउन व्यवस्था मिलाउने । | | |
| २ | सुरक्षित विद्यालय कार्यक्रम | गाउँ शिक्षा समित, विद्यालय | प्रत्येक विद्यालयमा नयाँ भवन बनाउँदा भूकम्प प्रतिरोधि प्रविधि अपनाई बनाउने र विद्यालयमा विद्यार्थीहरुलाई भूकम्प लगायत विभिन्न प्रकारका प्राकृति जोखिमबाट बच्ने उपायका बारेमा जानकारी दिनुका साथै नमुना अभ्यास समेत गराउने । | १० लाख | नियमित |
| ३ | विद्यालय शान्ति क्षेत्र | विद्यालय, गाउँ शिक्षा समिति | समाजका विभिन्न किसिमका विवाद र द्वण्द्वलाई विद्यालय हातामा प्रवेश नगराउने र विद्यालयलाई शिक्षण सिकाइको शान्तिपुर्ण थलो बनाउने विषयमा सबै राजनीतिक दल र नागरिक समाजसँग संवाद गरी प्रतिबद्धता गर्न र सो को पालना गर्न लगाउने । प्रतिबद्धता पालना गरे नगरेको विषयमा विद्यालयले गाउँ शिक्षा समितिमा जानकारी गराउने र त्यसबारे गाउँ शिक्षा समितिले सम्बन्धिततलाई सचेत गराउने । | ६ लाख | नियमित |
| ४ | लिपी तथा मातृभाषाको संरक्षण | गाउँपालिका | गाउँ भित्र रहेका विभिन्न मातृभाषा र तिनका लिपीको अध्ययन अनुसनधान र खोज गर्न विज्ञ समिति बनाउने उक्त समितिको सिफारिसमा मातृभाषा तथा लिपीको संरक्षणको कार्यक्रम बनाई लागु गर्ने । | ८ लाख | नियमित |
| ५ | दण्ड र पुरस्कारको नीति लागु गर्ने । | विद्यालय, गाउँशिक्षा समिति | विद्यालयमा राम्रो काम गर्ने, नियमित उपस्थित हुने, विद्यालय र विद्यार्थीको भलाइको लागि चिन्तनसिल रहने शिक्षक कर्मचारीलाई उत्प्रेरित गर्न पुरस्कारको व्यवस्था गर्ने तथा लापरवाही गर्ने र आफ्नो काम प्रति | ५ लाख | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जवाफदेही र जिम्मेवार नहुने शिक्षक कर्मचारीलाई नियमानुसार कारवाही गर्ने । यसको लागि मूल्याङ्कनको निश्चित मापदण्ड बनाउने र सोहि अनुसार लागु गर्ने । | | |
| ६ | विद्यालय शिक्षाको गुणस्तरमा समानता | गाउँपालिका, विद्यालय | सामुदायिक वा संस्थागत जुनसुकै विद्यालयमा पढे पनि समान गुणस्तरको शिक्षा सबैलाई उपलब्ध गराउनु राज्यको दायित्व भएकोले यस गाउँपालिकाले गाउँपालिका भित्रका सबै विद्यालयमा शिक्षाको गुणस्तर समान बनाउन प्रयास गरिनेछ । यसका लागि सबै किसिमका विद्यालयहरुमा एउटै पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्ने, शिक्षक तालिमको व्यवस्था गर्ने, शिक्षाको गुणस्तरको मापदण्ड तोक्ने जस्ता कामहरु गरिने छ । | १० लाख | निमयित |

## खजुरा गाउँपालिका शिक्षा योजना निर्माण कार्यशालामा सहभागि पदाधिकारीहरुको नामावली

| क. स. | सहभागीको नाम | पद | निकाय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | फत्ते कुमारी जैसी | सामाजिक सै. | खजुरा गाउँ शिक्षा समिती | 9819596796 |
| २ | भागिरथ सोनार | का.पा. सदस्य | खजुरा गाउँ शिक्षा समिती | 9848091447 |
| ३ | निसार अलि | का.पा. सदस्य | खजुरा गाउँ शिक्षा समिती | 9848035277 |
| ४ | भक्त बहादुर के सी | व्य. समिती अध्यक्ष | खजुरा गाउँ शिक्षा समिती | 9848034076 |
| ५ | सालिक राम खड्का | व्य. समिती अध्यक्ष | खजुरा गाउँ शिक्षा समिती | 9848260546 |
| ६ | मित्रलाल सापकोटा | प्याब्सन अध्यक्ष | खजुरा गाउँ शिक्षा समिती | 9858024026 |
| ७ | ऋषिराम सापकोटा | प्र.अ. | खजुरा गाउँ शिक्षा समिती | 9848026188 |
| ८ | सोम बहादुर सुनार | वि. कर्मचारी | खजुरा गाउँ शिक्षा समिती | 9848112664 |
| ९ | बिजय कुमार क्षेत्री | उपाध्यक्ष खजुरा शिक्षा महासंघ | खजुरा गाउँ शिक्षा समिती | 9848030129 |
| १० | टंकनाथ दाहाल | स्रोत शिक्षक | खजुरा गा.पा. शिक्षा शाखा | 9848021484 |
| ११ | निर्मल रेग्मी | प्रा.स. | खजुरा गा.पा. शिक्षा शाखा | 9848098638 |
| १२ | प्रज्ञा गौतम | का. सहायक | खजुरा गा.पा. शिक्षा शाखा | 9844887700 |
| १३ | प्रेम चन्द | परियोजना संयोजक | सेभ द चिल्ड्रेन | 9858052950 |
| १४ | खगेन्द्र बहादुर मल्ल | शा.अ. | खजुरा गाउँपालिका | 9868087243 |

| क. स. | सहभागीको नाम | पद | निकाय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | दान बहादुर बि सी | ल्ल्त्व उपाध्यक्ष | ने.रा.शि.संघ बाँके | 9848023085 |
| २ | बुद्धि प्रसाद वन्जाडे | अध्यक्ष अ.ने.शि.संघ, बाँके | भानु मा वि | 9857061085 |
| ३ | भोला बि के | अध्यक्ष | कालिका प्रा वि सोनवर्षा | 9848027358 |
| ४ | कर्ण बहादुर मल्ल | अध्यक्ष | ए.अ.शि.सं | 9848144139 |
| ५ | डिल्ली कमल शर्मा | सदस्य | ने.रा.शि.सं. खजुरा | 9848042238 |
| ६ | शोभा कुमारी रेग्मी | स.कोषाध्यक्ष | ने.रा.शि.सं. खजुरा | 9844800558 |
| ७ | धन बहादुर बस्नेत | अध्यक्ष | रा.अ.ने.शि.सं. | 9849050829 |
| ८ | चन्द्र प्रकाश खड्का | वि.क.यु. अध्यक्ष | ज्ञानोदय मा वि | 9848134127 |
| ९ | इम नारायण महतो | अध्यक्ष | खजुरा | 9858031186 |
| १० | कृष्ण कुवँर | अध्यक्ष | ने.वि.क. परिषद बाँके | |
| ११ | निर्मल रेग्मी | प्रा.स. | शिक्षा शाखा | 9848098638 |
| १२ | प्रज्ञा गौतम | का.सहायक | शिक्षा शाखा | 9844887700 |
| १३ | खगेन्द्र बहादुर मल्ल | प्रशिक्षक | शिक्षा शाखा | 9868087243 |
| १४ | टंकनाथ दहाल | संयोजक | शिक्षा शाखा | 9848021484 |

| क. स. | सहभागीको नाम | पद | निकाय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | राजेन्द्र प्रसाद सापकोटा | प्र. अ. | आदर्श मा वि डि गाउँ | 9858022832 |
| २ | शिव शंकर रोकाय | प्र. अ. | मैटहवा मा वि | 9858031611 |
| ३ | गगन ब खड्का | प्र. अ. | योगिनी मा व | 9848059370 |
| ४ | जयलाल अधिकारी | प्र. अ. | शुक्र मा वि | 9848102449 |
| ५ | भिम ब थापा | प्र. अ. | जनकल्याण मा वि | 9858021025 |
| ६ | डि. वि. तामांग | प्र. अ. | गुराँस चाइल्डहुड मा वि | 984806517 |
| ७ | प्रदिप खनाल | प्र. अ. | ध्रुवतारा विद्या मन्दिर | 9848073440 |
| ८ | दिपेन्द्र शाही | प्र. अ. | मनकामना | 9868255557 |
| ९ | खगेन्द्र बहादुर मल्ल | प्रशिक्षक | खजुरा गा.पा. | ९८६८०८७२४३ |
| १० | टंकनाथ दाहाल | संयोजक | | 9848021484 |
| ११ | निर्मल रेग्मी | व्यवस्थापक | | 9848098638 |
| १२ | प्रज्ञा गौतम | सहायक | | 9844887700 |

| क. स. | सहभागीको नाम | पद | निकाय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | बाबुहरी गौतम | प्र अ | अमर मा वि गौतमबस्ती | 9848129420 |
| २ | पुष्पराज शर्मा | | पशुपती मा वि घिया | 9848130932 |
| ३ | करसिंह राना | | मा वि गोदहना | 9848083353 |
| ४ | सुन्दर गुरुंग | | तिर्खा आ वि जलपोखरी | 9848111390 |
| ५ | पूर्ण बहादुर खत्री | | प्रा वि गुराँसपुर | 9815504094 |
| ६ | केशव प्रसाद तिवारी | | प्रा वि क गाउँ | 9858023511 |
| ७ | तीर्थ बहादुर सुनार | | मनकामना आ वि | 9848046458 |
| ८ | देउमती थापा | | ने रा आदर्श आ वि | 9848059839 |

| | | | | |
|---|---|---|---|---|
| ९ | कृष्ण नाथ योगी | | शिव प्रा वि नयाँ गुराँसपुर | 9848032324 |
| १० | रुद्र बहादुर रानाभाट | | ने रा आ वि धौलागिरी | 9848023604 |
| ११ | अम्बिका थापा | | अम्बे माता प्रा वि | 9858040583 |
| १२ | शेखर निरौला | | प्रा वि बसन्तापुर | |
| १३ | खगेन्द्र बहादुर मल्ल | प्रशिक्षक | खजुरा गा पा शिक्षा शाखा | 9868087243 |
| १४ | टंकनाथ दाहाल | संयोजक | खजुरा गा पा शिक्षा शाखा | 9848021484 |
| १५ | निर्मल रेग्मि | व्यवस्थापक | खजुरा गा पा शिक्षा शाखा | 9848098638 |
| १६ | प्रज्ञा गौतम | सहायक | खजुरा गा पा शिक्षा शाखा | 9844887700 |

**गाउँ शिक्षा योजना निर्माण मस्यौदा समिति**

१. श्री खगेन्द्र बहादुर मल्ल — संयोजक

२. श्री भक्त बहादुर के.सी. — सदस्य

३. श्री ऋषिराम सापकोटा — सदस्य

४. श्री फत्तेकुमारी जैसी — सदस्य

५. श्री मित्रलाल सापकोटा — सदस्य

६. श्री विजय कुमार क्षेत्री — सदस्य

७. श्री टंकनाथ दाहाल — सदस्य

## आमन्त्रित

८. निर्मल रेग्मी

९. लक्ष्मी प्रसाद शर्मा

१०. निसार अलि